# जात व्यवस्थाले दलित समुदायमा गरेको वर्ग निर्माणः बाग्लुङका विश्वकर्मा समुदायमा गरिएको एक अध्ययन

मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयको

स्नातकोत्तर तहको उपाधिको लागि आंशिक आवश्यकता

परिपूर्तिकोलागि प्रस्तुत

शोधपत्र


शोधकर्ता

विष्णुबहादुर थापा

रजिष्ट्रेशन न : ६-२-००४-०२६२-२०१३

कक्षा रोल नः ५४

परीक्षा रोल न :२८३१८३

समाजशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं ।



२०७९

**त्रिभुवनविश्वविद्यालय**

**समाजशास्त्रकेन्द्रीय विभाग**

**किर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवनविश्वविद्यालय किर्तिपुर क्याम्पसको समाजशास्त्र केन्द्रीयविभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्ति गर्न विष्णु बहादुर थापाले तयार पारि पेश गर्नु भएको शोधपत्र **"जात व्यवस्थाले दलित समुदायमा गरेको वर्ग निर्माण : बाग्लुङका विश्वकर्मा समुदायमा गरिएको एक अध्ययन "**शिर्षक मेरो प्रत्यक्ष सुझाव, सल्लाह र निर्देशनमा रहि तयार पार्नु भएकोलेप्रस्तुत शोधपत्रको मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.......................................

उप-प्राध्यापक प्रेम बहादुर चलाउने

शोध निर्देशक

**त्रिभुवनविश्वविद्यालय**

**समाजशास्त्रकेन्द्रीयविभाग**

**किर्तिपुर, काठमाडौं**

## स्वीकृति-पत्र

समाजशास्त्र विषयको स्नातकोत्तर त्रिभुवन विश्वविद्यालयकिर्तिपुर क्याम्पसको समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि शोधार्थी विष्णु बहादुर थापाले तयार गर्नुभएको **जात व्यवस्थाले दलित समुदायमा गरेको वर्ग निर्माणः बाग्लुङका विश्वकर्मा समुदायमा गरिएको एक अध्ययन** विषयक शोधपत्रलाई आवश्यक मुल्याङ्कन पश्चात स्वीकृत गर्दछौ ।

शोधपत्र मुल्याङ्कन समितिहस्ताक्षर

डा. युवरांज लुइँटेल ......................................
विभागिय प्रमुख

उप-प्राध्यापक टेकनाथ सुवेदी ......................................
बाह्य निरिक्षक

उप-प्राध्यापक प्रेम बहादुर चलाउने ......................................
शोध निर्देशक

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीयविभाग अन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकताको परिपुर्तिका निमित्त **जात व्यवस्थाले दलित समुदायमा गरेको वर्ग निर्माणः बाग्लुङका विश्वकर्मा समुदायमा गरिएको एक अध्ययन** (**बाग्लुङ जिल्ला  बाग्लुङ नगरपालिका वडा न. ७ गैरीगाउ कालीमाटीका विश्वकर्मा समुदायमा गरिएको एक अध्ययन**) शिर्षकमा शोधपत्र तयार पारी प्रस्तुत गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीयविभागमा अध्ययनका क्रममा सैद्धान्तिक र समाजशास्त्रीय रुपमा व्याख्या, विचार, विमर्श र ज्ञानलाई व्यवहारिक रूपमा बुझ्नका निम्ति प्रेरितगर्नुहुने विभागिय प्रमुख युवरांज लुइँटेल लगायत सम्पुर्ण प्राध्यापक, उप-प्राध्यापक गुरुहरु प्रति आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्न क्रममा महत्वपुर्ण समयका साथ, सुझाव, सल्लाह दिएर मार्ग निर्देशन गर्नुहुने आदरणीय गुरु उप-प्राध्यापक प्रेम बहादुर चलाउने ज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोधपत्र लेखनलाई पुर्ण तथा अन्तिम रुप दिनका निम्ति रचनात्मक टिप्पणी, सुझाव, सल्लाह दिएर महत्वपुर्ण भुमिका खेल्नु हुने बाह्य शोध-निर्दशक आदरणीय गुरु उप-प्राध्यापक टेकनाथ सुवेदी ज्यूप्रति आभार प्रकट गर्दछु ।

साथै यस अध्ययन अनुसन्धानलाई पुर्ण रुपमा सफल बनाउनका निम्ति छनोट गरिएको अध्ययन क्षेत्र बाग्लुङ नगरपालिका वडा न. ७ का विश्वकर्मा समुदायका उत्तरदाताहरु त्यसै क्षेत्रका राजनितिज्ञ, शिक्षक, लगायतलाई धन्यवाद दिन चाहान्छु । यसैगरी मलाई अध्ययनका क्रममा साथ, सहयोग र आवश्यक सल्लाह सुझाव दिने सम्पुर्ण साथीहरु प्रति आभारी छु । समाजशास्त्र केन्द्रीय विभागकासम्पुर्ण पर्ति बिशेष आभार प्रकट गर्न चाहान्छु ।

विष्णु बहादुर थापा

बाग्लुङ

## तालिका सूची


तालिका नं. पृष्ठ

१. उमेरअनुसार विश्वकर्मा समुदायको जनसङ्ख्या विवरण २८

२. उत्तरदाता परिवारको घरको किसिम विवरण २९

३. उत्तरदातापरिवारको शैक्षिक अवस्था ३१

४. विश्वकर्मा समुदायका उत्तरदाताहरू संलग्न हुने पेशागत क्षेत्र ३३

५. कृषिबाट हुने आम्दानी विवरण ३४

६. उत्तरदाताको शैक्षिक अवस्था ३८

७. मुख्य राजनैतिक पार्टीको प्रतिनिधित्व र प्रदेशसभामा उम्मेदवारी सङ्ख्या र दलित उम्मेदवारी ४०

८. उत्तरदाता परिवारको राजनैतिक दलमा सहभागिता ४१

९. उत्तरदाताहरूसंलग्न हुने पेशागत क्षेत्र ४३

१०. उत्तरदाता परिवारकोजमिनको विवरण ४४

११. उत्तरदाता परिवारसँग उपलब्ध गैरीखेतको विवरण ४५

१२. उत्तरदाता परिवारसँग उपलब्ध पाखोबारीको विवरण ४६

१३. बजारमा दुग्धजन्य पदार्थको बिक्रीवितरण ४७

The Nepal Caste Pyramid According to the Muluki ain of 1854 ३६

**विषयसूची**


| शिर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृतिपत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| विषय सुची | iv |
| तालिका सुची | v |
| **अध्याय एक :परिचय** | **१-१२** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.२.१अनुसन्धान प्रश्न | १० |
| १.३ अध्ययनको उदेश्य | १० |
| १.४ अध्ययनको महत्व | ११ |
| **अध्यायदुई : सन्दर्भ साहित्यको सिंहावलोकन** | **१३-२२** |
| २.१नेपालको जात व्यवस्था सम्बन्धी समाजशास्त्रीय बहस | १३ |
| २.२भारतिय समाजमा जात व्यवस्था सम्बन्धी  बहस | १५ |
| २.३वर्गसमन्वय बारे मार्क्सवादी बहस | १७ |
| २.४जात र वर्ग समन्वय वारे छलफल | १९ |

२.५ नेपालमा जात सम्बन्धी संवैधानिक व्यवस्था २१

**अध्याय तीन : अनुसन्धान विधि २३-२६**

३.१अनुसन्धानको ढाँचा २३

३.२ अध्ययन क्षेत्रको छनोटको औचित्य २३

३.३ नमुना छनोट विधि २४

३.४ तथ्याङ्क प्रकृति एवं स्रोतहरू २४

३.४.१ प्राथमिक तथ्याङ्क २४

३.४.२ द्वित्तीय तथ्याङ्क २५

३.५ तथ्याङ्क सङ्कलन विधि २५

३.५.१संरचित तथा असंरचित अन्तर्वार्ता २५

३.६ तथ्याङ्कको व्याख्या एवं विश्लेषण २५

३.७ अध्ययनको सीमा २६

**अध्याय चार :अध्ययन क्षेत्रको परिचय २७-३५**

४.१. परिचय २७

४.२जनसङ्ख्या २७

४.३ घरको किसिम बनावट २९

४.४ भाषा धर्म र पर्व ३०

४.५ शैक्षिक अवस्था ३०

४.६ आर्थिक अवस्था ३२

४.७ पेशा ३२

४.८ पशुपालन ३३

४.९ परिवारको स्वामित्वमा रहेको जमिन (कृषि)-बाट हुने आम्दानी ३४

४.१०वित्तीय संस्थाहरू ३५

**अध्यायपाँच :विश्वकर्मा समुदायको वर्गनिर्माणप्रक्रियाका आयामहरु ३६-४८**

५.१. मुलुकी ऐन ३६

५.२ शिक्षा ३७

५.३सामाजिक चेतना र राजनीतिमा उपस्थिति ३९

५.४जात व्यवस्था भित्रको श्रमको विभाजनले आर्थिक अवस्थामा पारेको प्रभाव ४१

५.५ भूमिमाथिको स्वामित्व ४३

५.६उत्पादित घरेलु वस्तुहरूको बिक्रीवितरण ४६

**अध्यायछः सारांश तथा निष्कर्ष ४९-५४** ६.१ सारांश ४९

६.२ निष्कर्ष ५२

**सन्दर्भसूची**

**अनुसूची**

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

'दलित' शब्दको प्रयोग सर्वप्रथम भारतीय नेता तथा संविधानविद् डा भीमराव अम्बेडकरले १९२७ तिर हिन्दु समाज वर्णव्यवस्थाअनुसार अछूत बनाइएका अनगिन्ती जातलाई साझा नामका रूपमा सम्बोधन गरेको पाइन्छ । नेपालमा दलित शब्दलाई आन्दोलनको रूपमा २०२३ सालमा व्यापक रूपमा प्रयोग भएको पाइन्छ, जसमा समाजभित्र हिन्दु वर्ण-जात व्यवस्थाअन्तर्गत हेपिएका, दलिएका र पिल्सिएका समुदायको साझा आन्दोलनको रूपमा प्रयोग भएको नाम हो, दलित (आहुति, २०६७) ।

जात (Caste) Spanishभाषाको Casta बाट उत्पत्ति भएको हो, जसले वंश अथवा जन्ममा आधारित सामाजिक व्यवस्थालाई जनाउँदछ । दृष्टान्तका निमित्त, क्षत्रीय सम्राटको जेष्ठ पुत्रनै राजसिंहासनको हकदार हुन्छ । अर्को शब्दमा, जात राज्यव्यवस्थामा राजा हुने अधिकार जनताको भोटले होइन रानीको कोख अथवा पेटले निर्धारण गर्दछ । जात व्यवस्था हिन्दु वर्ण व्यवस्थामा आधारित रहेको हुन्छ । हिन्दुहरूको आदिम ग्रन्थ *ऋग्वेद* (१०:९०) मा भनिएको छः

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः।

ऊरू तदस्य यद्वैश्यः पभ्दया शूद्रो अजायत ॥ १२ ॥

अर्थात्, श्रेष्ठ पुरुषको मुखारविन्दबाट ब्राह्मण, बाहुबाट क्षत्रीय, जाँघबाट वैश्य र पाउबाट शूद्र वर्ण प्रकट भएका हुन् । वर्ण व्यवस्थामा बौद्धिक श्रेष्ठता ब्राह्मणको मुखारविन्दबाट उत्पन्न हुन्छ, राजकीय सत्तासञ्चालन क्षत्रीयको बाहुबलबाट हुन्छ, आर्थिक-व्यापारिक कार्यभार वैश्यको तिघ्रामा हुन्छ र सेवाका काम शूद्रका पाउहरूमा लादिएको हुन्छ । *मनुस्मृति*मा वर्णमा आधारित श्रमविभाजनलाई अनुलङ्घनीय ठहर गरिएको छ, जस्तो यसको आठौँ अध्यायमा भनिएको छः

शूद्रं तु कारयेद्दास्यं क्रीतमक्रीतमेव वा ।

दास्यायैव हि सृष्टोऽसौ ब्राह्मणस्य स्वयंभुवा ॥ ४१३ ॥

अर्थात्, किनेको होस्-नहोस् शूद्रमार्फत् सेवाको काम नै गराउनुपर्छ, यिनलाई सेवक वा दासको काममै खटाउनुपर्छ, किनभने विराट पुरुष वा सृष्टिकर्ता ब्रह्माले यिनलाई दास हुनका लागि वा सेवाका लागि नै स्वतः उत्पन्न गरेका हुन् । *मनुस्मृति*मा शूद्रलाई 3P (Power, Property and Prestige) मध्ये एउटा पनि हक दिइएको छैन । वर्णव्यवस्थाले ठहर गरेबमोजिम पावर वा राजनैतिक शक्तिका हकदार क्षत्रीय हुन्, प्रोपर्टी वा आर्थिक कारोबारका जिम्मेवार वैश्य हुन् र प्रेस्टिज वा सामाजिक-सांस्कृतिक प्रतिष्ठाका एक नम्बर हकदार ब्राह्मण हुन् । यस हिसाबले वर्णव्यवस्था भनेको बन्द वर्गव्यवस्था हो । टी. एन. मदन (२०००) का अनुसार, 'A caste isclosedclass.' जब वर्गलाई गर्भको अथवा वंशाणु हकको रूपमा सङ्कुचित गरिन्छ, त्यो वर्णमा रूपान्तरित हुनपुग्दछ । राज्यसञ्चालनका अङ्गहरू (शिर, काँध, जाँघ) मध्ये, भूपी शेरचनका शब्द सापटी लिएर भन्नुपर्दा, शूद्रहरू "हामी पाइतला हौँ, केवल पाइतला र फगत पाइतला" (२०५५ : १६) हुन् ।

राज्यरूपी पिरामिड वा तलाको सिरान वा सिंहासन क्षत्रीय वा राजन्यको बाहुबलबाटै आर्जेको हुनुपर्छ र क्षत्रीयले राज्यसञ्चालन गर्ने बौद्धिक श्रेष्ठता ब्राह्मणहरूबाट हासिल गर्नुपर्छ । राजा जयस्थिति मल्ल (सन् १३६०-१३९५) ले ब्राह्मण कीर्तिनाथ उपाध्याय र मैथिल ब्राह्मणहरू रघुनाथ झा, रामनाथ झा, दक्षिण भारतका श्रीनाथ भट्ट र महिनाथ भट्टलाई बोलाई वागमती उपत्यकामा चार वर्ण चौसट्ठी जातमा समाजलाई विभक्त गरी छुवाछूतलाई समेत कठोरतापूर्वक लागू गरे (बुढाथोकी ०३९) ।

नेपालमा १९१० सालको *मुलुकी ऐन*ले वर्ण व्यवस्थालाई कानुनी वैधता प्रदान गऱ्यो । *मुलुकी ऐन*का अनुसार तागाधारी (ब्राह्मण र क्षत्रीय) उच्च तथा शुद्ध वर्ण कहलाए भने पानी नचल्ने, छोइछिटो हाल्नुनपर्ने र पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने गरी दुई वर्गमा विभाजित दलित नीच वा अशुद्ध वर्ण ठहऱ्याइए । पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने जातमा कामी, सार्की, दमाई, गाइने, पोडे, च्यामे इत्यादिलाई राखियो । यस अनुसन्धानमा परेका वागलुङ नगरपालिका-७, गैरीगाउँ कालीमाटीका विश्वकर्माहरू पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने दलित कामीहरूको एक थर हो ।

आहुतिको पुस्तक *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष*को 'परिचय'मा चैतन्य मिश्र भन्नुहुन्छ "दलित र नदलित बीचको सम्बन्ध वर्गीय सम्बन्ध हो तर, अरू धेरै विशिष्टतासहितको वर्गीय सम्बन्ध हो" (२०७५ : २०) । कार्ल मार्क्स र फ्रेडरिक एन्जेल्सको *कम्युनिस्ट घोषणापत्र*मा दावी गर्छन्,

"आजसम्मका विद्यमान समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो" (२०६३ : २५) । मार्क्स र एन्जेल्सको भनाइमा, समग्र मानवइतिहासमा थिचाहा र थिचिएकाहरूको माझमा कहिले गुप्त, कहिले खुल्ला सङ्घर्ष हुँदै आएको छ । राज्य भनेको उत्पीडक वर्गले उत्पीडित वर्गलाई शोषण गर्ने वैध साधन हो । *मुलुकी ऐन*ले गरेको थिचाहा र थिचिनेहरूको परिभाषामा घामझैँ छर्लङ्ग के छ भने गैरीगाउँ कालीमाटीका विश्वकर्माहरू उत्पीडित वर्गअन्तर्गत् पर्दछन् । मार्क्स र एन्जेल्सका अनुसार, सामन्तवादमा दुई वर्ग भूमिपति वा जमिनदार र भूदास वा किसानका बीच द्वन्द्व हुन्छ; अर्थात् भूमिपतिको सम्पत्तिको रूपमा जमिन रहन्छ र भूमिमा किसानको पहुँच नहुने हुनाले उनीहरू शोषणको सिकार हुन्छन् । गैरीगाउँ कालीमाटीका विश्वकर्माहरूको भूमिमाथि स्वामित्व न्यून मात्रामा हुनाले उनीहरू उच्च जातको शोषणको सिकार भएका छन् । यस हिसाबले के भन्न सकिन्छ भने, विश्वकर्मा एउटा उत्पीडित वर्ग हो, जो वर्ण अथवा बन्द (अनुलङ्घनीय) प्रकृतिको व्यवस्थाको पिँधमा परेका छन् ।

आज हामी जसलाई जात व्यवस्था भन्छौँ, हिन्दु धर्मका मूलग्रन्थमा वर्णाश्रम धर्म वा चतुर्वर्ण अर्थात् चार वर्णको व्यवस्थालाई भनेर उल्लेख गरेको पाइन्छ । आफ्नै विशिष्ट वंशानुगत पेशा भएका करिब चार अन्तर्वैवाहिक जाति र उपजातिलाई चार वर्णमा विभाजन गरिएको छ, जसमा ब्राह्मण (पुरोहित), क्षत्रीय(सैनिक),वैश्य (व्यापारी) र शुद्र (सेवकको) रूपमा विभाजन गरिएको छ । वर्णव्यवस्थामा भएको श्रम विभाजनको मुख्य बिशेषता अनुल्लङ्घियता हो । वर्णव्यवस्थामा श्रमको क्षेत्र जात व्यवस्थामा आधारित रहेको छ । यस प्रकारको श्रम विभाजनले विशिष्ट प्रकारको वर्गीय समाजको निर्माण गऱ्यो (अम्बेडकर, १९१६)।

हिन्दु वर्णव्यवस्थाभित्रको श्रम विभाजनअन्तर्गत ब्राह्मण जातिलाईपुरोहित्याइँ, ज्ञान र शिक्षा आर्जन, क्षेत्रीयलाईराज्यभार तथा सुरक्षा सञ्चालन, वैश्यलाई आर्थिक उन्नतिका लागि पशुपालन खेती तथा व्यापार र शुद्रलाई श्रम शिल्पकारी तथा सबै वर्णको सेवाको काम छुटचाइयो । श्रमजीवी वर्गलाई ज्ञान, राजकीय एवं सामाजिक अधिकारबाट वञ्चित गर्नुका साथै तत्कालीन शासकहरूलेआफ्नो शासनलाई व्यवस्थित पार्न लादेको श्रम विभाजन विस्तारै वर्गीय समाजमा विकसित भयो र त्यही समाज वर्णव्यवस्थामा विकास भएको ठहर छ। त्यसपछि क्रमशः हिन्दु राज्यहरूको विस्तारसँगै वर्णव्यवस्था नभएका जातिमा पनि वर्णव्यवस्था सिर्जना गरी समाजमा सबभन्दा तल परेका हिस्सालाई

अछुत घोषणा गरियो । अम्बेडकरले हिन्दु वर्णव्यवस्था भित्रको श्रम विभाजनलाईश्रमिकहरूको विभाजनको रुपमा पनि व्याख्या गरेका छन् (अम्बेडकर, १९८९) ।

समाजशास्त्री चैतन्य मिश्रका अनुसार दलितमाथिको विभेद करिव २५ सय वर्षअगाडिदेखि सुरुवात भएको मान्ने हो भनेपनि १ सय २५ पुस्ता दलित समुदायमाथि विभेद र वहिष्करण हुँदैआएको छ । दलित समुदायमाथिको विभेदलाई वर्तमानमा मात्र नभएर इतिहासको लामो कालखण्डदेखि दलित र गैरदलितवबीचको सांस्कृतिक पक्षबाट मात्र नभई अरू धेरै सामाजिक, राजनैतिक र आर्थिक दृष्टिकोणबाट बुझ्नु जरूरी हुन्छ । उनको तर्कअनुसार दलित समस्या सांस्कृतिक मात्र नभई दलित र दल्ने समुदायबीचको समस्याको प्रकृति वृहत् र सामग्रिक चरित्रको छ । जातव्यवस्थाभित्रको भाषिक सम्बोधन गर्न प्रयोग गरिने शब्द समेत "तँ र हजुर" भन्ने बीचको सम्बन्धको रूपमा समेत चित्रण गरेको पाइन्छ । मिश्रले मार्क्सवादी दृष्टिकोणको आधारमा के भन्छन् भने जात व्यवस्था उत्पादनका साधनलगायत व्यक्तिगत सामर्थ्यमाथिको पहुँच भएको र कम भएको वा नभएको बीचको सम्बन्ध हो ।दलित र गैरदलितबीचको सम्बन्धको प्रकृति साधनयुक्त र साधनविहीन बीचको सम्बन्ध हो, त्यसैले दलित र नदलितबीचको सम्बन्ध वर्गीय हो, तर यो अरू धेरै विशिष्टतासहितको वर्गीय सम्बन्धको रूप हो । जात व्यवस्थाभित्रको अर्को पक्ष वशांनुगत गुण हो, अर्थात् यो कुल र वशंका आधारमै जन्मजन्मान्तर दलित समुदायले समाजको पिँधमै जीवन गुजारा गर्नुपर्ने बाध्यात्मक परिस्थिति हो ।नेपालमा श्रमको प्रकृतिलाई व्याख्या गर्ने क्रममा मिश्रले आश्रित श्रमलाई सामन्तवादको द्योतकको रूपमा लिएका छन् भने ज्यालादारी श्रमलाई पुँजीवादको रूपमा । नेपाल पुँजीवादी अर्थतन्त्र भएको मुलुक त हो, तर पनि दलित समुदायको श्रमको उल्लेख्य भाग अर्धसामन्ती छ । नेपालमा ठूलो सङ्ख्यामा भूमिहिन रहेका अछुतमध्ये धेरैजसोलाई आश्रित श्रमको वर्गभित्र राख्नु मनासिब हुन्छ र धेरै अछुत व्यक्ति र परिवार आश्रित श्रमभित्र फसेका छन् । खासगरी बालीघरे प्रथा जस्ता आश्रित श्रमव्यवस्थाले दलित समुदायको आर्थिक उन्नतिमा नकारात्मक भूमिका खेलेको छ (मिश्र, २०६७) ।

त□, समाजशास्त्री लुइँटेलका अनुसार जात व्यवस्थालाई अपरिवर्तनिय र जडरुपमा नभई समाजको परिवर्तन र गतिशिलता संगै बुझ्नुपर्दछ । हिजोको नेपाली समाज जातमा आधारित श्रमको विभाजन संगै जातगत रुपमा रहेको तहगत भिन्नता आज कमजोर भएको छ । बजारको बिस्तार, सामाजिक परिवर्तन, बिज्ञान र प्रविधिमा पहुच, नवउदारवाद, बसाइसराई, बैदेशिक रोजगार, जस्ता

कुराहरुले जात व्यवस्थालाई कमजोर बनाएको छ । जसले गर्दा दलित जातका मानिसले पनि विभिन्न खालका पेशा, व्यवसाय, ज्यालादारी श्रम लगायतले आर्थिक रुपमा सबल र भुमिमाथीको उच्च जातको एकाधिकारलाई कमजोर पारेका छन । मुख्यतः हिजोको नेपाली समाजमा जसरी दलित जातले उच्च जातको सेवाको निम्ति शोषणमा आधारित बालीधरे प्रथा, खलो प्रथा जस्तो बाध्यकारी श्रम व्यवस्था वर्तमान समयमा निकैनै कमजोर भएको छ । वर्तमान समयमा कुनैपनी मानिसले जातगत आधारमा बाध्यात्मकारी पेशा अवलम्बन गर्नुपर्ने अवस्था छैन जसले गर्दा  दलित जातले पनि आम्दानीको आर्थिक स्रोतलाई विभिन्न पेशा, ज्यालादारी श्रम, गैरकृषि क्षेत्रका पेशाको अवलम्बन, बैदेशिक रोजगार संग सजिलै जोड्न सक्ने स्थिति सिर्जना भएको छ (लुइँटेल, २०१८) ।

भारतीय समाजको जात व्यवस्थासम्बन्धी अध्ययनका अनुसार जात एक सामाजिक संरचनामा भित्रको तहगत भिन्नता हो । हिन्दु समाजमा कुनै पनि व्यक्तिको जात (तह) जन्मले निर्धारण गर्दछ, जन्मले निर्धारण गर्न हिन्दु वर्ण व्यस्थामा उच्च जातमा जन्म लिएको मानिस समाजमा स्वतःस्फूर्त उच्च जात (वर्गको) हुने गर्दछ । जात व्यवस्थाले मानिसहरूबीचको तहगत भिन्नता अर्थात् एक जात अर्का जातभन्दा फरक हुने कुरालाई महत्व दिन्छ । जात व्यवस्थाको मुख्य विशेषता पवित्रता र अपवित्रता हो । सजातीय वैवाहिक प्रणाली, शारीरिक रूपमा एकले अर्कालाई छुन समेत नहुने, श्रमको विभाजन, सामाजिक सांस्कृतिक कार्यहरूमा बन्देज जात व्यवस्थाका मुख्य विशेषता हुन् (डूमो, २०००) ।

मार्क्सवादी विचारधाराअनुसार उन्नाइसौँ शताब्दीमा बेलायतमा तीनवटा मुख्य वर्ग विद्यमान थिए, जसअन्तर्गत भूमिपति- आफूले श्रम नगर्न जमिन अरूलाई कमाउन दिएको भूमिबाट हुने आयश्रोत भएका, पुँजीपति- उत्पादनका साधनमाथि नियन्त्रण भएका साथै कम ज्यालामा रोजगार दिने र लगानीबाट नाफा आर्जन गर्ने रश्रमिक सर्वहारा- ज्यालाका निम्ति आफ्नो श्रम बेचेर गुजारा चलाउने वर्ग पर्दछन् । कुनै पनि समाजलाई रूपान्तरण र गतिशील बनाउन वर्गको अनिवार्य आवश्यकता हुन्छ । आर्थिक रूपमा वर्गको व्याख्या गर्दा वर्गहरूबीच रहने उत्पादनका साधनमाथिको सम्बन्धलाई हेर्ने गरिन्छ । उत्पादन र वितरण प्रणालीमा एउटा वर्गले वा अनेक वर्गले अर्का अनेक वर्गलाई शोषण वा उत्पीडन गरिरहेका हुन्छन् । यहाँनेर उत्पादनका साधनमाथिको स्वामित्वको प्रश्न मात्र जोडिँदैन, शोषण गर्ने शक्ति निर्णय गर्ने काममा सहभागिता आदि विषयसमेत जोडिएर आउँछ (शर्मा, २०६९) ।

मार्क्सले भनेजस्तैउत्पादनका स्रोत र साधनमाथि नियन्त्रण नभएका, आफ्नो श्रम न्यून मूल्यमा बेचेर जीवन गुजारा गर्ने वर्गका रूपमा दलित समुदायलाई बुझ्न सकिन्छ । जुन वर्गसँगउत्पादनका स्रोत र साधनमाथिको स्वामित्व हुन्छ, ऊसँगै निर्णय गर्ने अधिकार र शक्ति पनि हुन्छ, तर दलित समुदायका मानिसहरूसँग यो कुनै पनि कुरामाथि पहुँच र अधिकार नरहेको अवस्था छ । त्यसैले नेपालको सन्दर्भमा दलित समुदाय समाजको सबैभन्दा पिँधमा हुनुलाई आर्थिक रूपमा पनि कमजोर रहेको बुझ्न उपयुक्त हुन्छ ।

पुँजीवादी युगमा देखापरेका दुई अन्तर्विरोधी वर्गहरू पहिलो आर्थिक रूपमा वर्गको व्याख्या गर्दा उत्पादनको साधनमाथिको स्वामित्व हेर्नुपर्दछ, जसमा उत्पादन र वितरण प्रणालीमा एउटा वर्गले अर्को वर्गलाई शोषण वा उत्पीडन गरिरहेको हुन्छ । खासगरी यहाँ उत्पादनको साधनमाथिको स्वामित्वको मात्र कुरा हुँदैन, शोषण गर्ने शक्ति, निर्णय गर्ने अधिकार पनि प्रमुख कुरा हुन जान्छ ।

शास्त्रीय समाजशास्त्री म्याक्स वेबरले वर्गलाई मार्क्सभन्दा भिन्न किसिमले तीन तहको वर्ग पहिचान गरी परिभाषित गरेका छन्, उनले वर्ग, हैसियत र पार्टीका आधारमा वर्गहरूको निर्धारण गरेका छन् ।वेबरकाभनाइअनुसार तहकरण प्रणालीमा समूहहरूको निर्धारण आर्थिक अवस्था बजारमा अन्तर्निर्हित जीवनका अवसर, प्रतिष्ठा वा अपेक्षाकृत सम्मान वा शक्तिद्वारा हुने गर्छ; प्रतिष्ठानै तहकरणको आधार हुन आउँछ, जसमा उच्च हैसियतयुक्त समुहहरूमा जस्तै गरिब सदस्यहरूमा पनि सम्मानको खास गुण रहेको हुन्छ, उक्त गुण सम्पतिले किन्न सकिँदैन । आर्थिक दृष्टिकोणका आधारमा वर्गलाई बजारले निर्धारण गर्ने गर्दछ । हैसियत सामाजिक प्रतिष्ठासँग जोडिएको हुन्छ, जुन आर्थिक आधारमा सम्पतिले किन्न सकिँदैन । कुनै एक व्यक्ति समाजको उच्च हैसियत भएका समूहहरूमा पर्न सक्दछ, तर ऊ आर्थिक रूपमा गरिब पनि हुनसक्दछ । जात व्यवस्थाको सन्दर्भमा, दलित समुदाय समाजको सबैभन्दा पिँधको समुदायमा पर्दछ र समाजले उसलाई गर्ने ऊँच-नीचर विभेदको व्यवहारले दलित समुदायका मानिसको हैसियत र सामाजिक प्रतिष्ठा पनि कमजोर हुन्छ । जात व्यवस्था भएको समाजमा कुनै उच्च जातको मानिस वर्गीय रूपमा गरिब हुन सक्लातर हैसियत र सामाजिक प्रतिष्ठाका रूपमा दलितभन्दा उच्च हैसियतको हुन सक्छ । कुनै व्यक्ति समाजमा आर्थिक रूपमा

कमजोर छ भने ऊ सामाजिक प्रतिष्ठा र राजनैतिक रूपमा शक्तिशाली हुन पनि सक्दछ  (गुप्ता २०००) ।

वेबरले वर्गलाई आर्थिक पहिचानको आधारमा मात्र नभई हैसियत र पार्टीको आधारमा समेत व्याख्या गरेका छन् । जस्तै, नेपाली समाजमा दलित समुदायलाई जातीय रूपमा सबैभन्दा पिँधको जातमा राखिएको छ र त्यहीअनुसार व्यवहार पनि गरिन्छ, उसले कुनै प्रतिष्ठित हैसियत र शक्ति प्राप्त गर्ने आधार हुँदैन । त्यसैले वेबरको धारणाअनुसार पनि दलित समुदायको हैसियत समाजमा तल्लो दर्जामा रहने गर्छ, जसमा जात व्यवस्थाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

नेपाली समाजमा जससँग सम्पत्ति र शक्ति छ, ऊ नै राजनीतिक र अन्य क्षेत्रमा पनि सत्तासीन छ। राजनीतिक परिवर्तनपछि पनि शक्ति-संरचना रराजनैतिक नेतृत्वमा खासै फेरबदल नआएकाले वर्ण र जात व्यवस्थामा धेरै सुधार आएको छैन । नेपालको सामाजिक र राजनैतिक क्षेत्रमा एक वर्ण, वर्ग, जात, लिङ्ग र समुदायको प्रभुत्व वर्तमान अवस्थामा पनि ज्यूँका-त्यूँ छ । नेपाली समाजमा भूमिमाथिको स्वामित्व व्यक्ति, परिवार, समुदायको राजनीतिक, आर्थिक र सामाजिक हैसियत निर्माणको मुख्य स्रोत बन्दै आएको छ । तर यो अवस्थालाई हेर्दा नेपालमा कुल जनसङ्ख्याको १३ प्रतिशतभन्दा बढी दलित समुदायलाई आधारभूत रूपमा भूमि उपलब्ध छैन ।

नेपालमा २००७ सालपछिकाराजनैतिक परिवर्तन र आन्दोलनहरूले जात व्यवस्थाको उन्मूलन तथा राज्यका विभिन्न अङ्गहरूमा दलितको उपस्थितिलाई खासै महत्व दिएकोपाइँदैन । २०२० साल भाद्र १ गते नयाँ मुलुकी ऐनलाई मान्यता दिएर मानिस-मानिस वा कुनै एक जात वर्णले अर्का जात वा वर्णलाइ भेदभाब गरेमा सामाजिक अपराध भनेर घोषणा गरे तापनि सो कुराको व्यवहारमा लागु हुनसकेको भने देखिँदैन ।

नेपालमा राणाशासनको अन्त्यपछि भएका जनआन्दोलन र राजनैतिक सत्ता परिवर्तनले शताब्दीयौंदेखि नेपालीसमाजको सबैभन्दा पिँधमा पारिएको दलित समुदायमाथिको सामाजिक विभेद र वहिष्करणहरूलाई उजागर गर्न नै नचाहेको अवस्थामा २०५२ सालमा सुरुवात भएको जनयुद्ध तथा २०६२-६३ सालको जनआन्दोलनले दलित समुदायको हक-अधिकार, सामाजिक विभेदबाट मुक्ति र भूमिहीन दलितलाई भूमि उपलब्ध गराउने सपनाहरू देखाए तापनि र केही मात्रामा आन्दोलनका

मागहरूलाई संविधान र कानुनमा लेखिएपनि त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन भने अझै सकेको छैन ।

नेपालमा रहेका विभिन्न जातजातिहरूमध्ये विश्वकर्मा पनि एक हो ।विश्वकर्मा जातिको भाषा, धर्म, संस्कृति, रहनसहन, परम्परा, भेषभूषा जीवनपद्धति हिन्दु धर्ममा आधारित रहेको छ । हिन्दु वर्णभित्र शुद्रको रूपमा पानी नचल्ने छोइछिटो हाल्नु पर्ने जातिमा विश्वकर्मालाई स्थापित गरिएको छ। हिन्दु वर्ण व्यवस्थाभित्र कार्य विभाजनको वर्गीकरणअनुसार कामीलाई फलामको काम र उच्च जातको सेवाको काम गर्नुपर्ने जातिमा परिभाषित गरिएको छ । हिन्दु धर्ममा आधारित जात व्यवस्थाले बाग्लुङ नगरपालिका-७गौरीगाउँकाकालिमाटी,विश्वकर्मा समुदायको वर्गनिर्माण प्रक्रियामा कस्तो प्रकारको भूमिका खेल्दछ भन्ने उदेश्यले यो अनुसन्धानलाई महत्वका साथ अध्ययन गर्नेप्रयत्न गरेको छु ।

### १.२ समस्याको कथन

नेपाली समाजको राजनैतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रको निर्माण प्रक्रियामा जात व्यवस्थाले मुख्य भूमिका खेलेको पाइन्छ । राज्यका अङ्गहरूमा दलितको उपस्थिति न्यून मात्रामा रहेको छ । दक्षिण एसियालगायत नेपालमा वर्गनिर्माणको मुख्य चरित्र जात व्यवस्थामा आधारित रहेको छ (आहुति, २०६७)। नेपालमा १९१० सालको मुलुकी ऐनले जात व्यवस्थालाई वैधानिकता दिएसँगैदलित समुदायलाई आफ्नो क्षेत्राधिकार बाहेकको काम गर्नबाट वञ्चित गराइएको पाइन्छ । मुलुकी ऐनमा आफ्नो जातको पेशाबाहेकको कार्य अपनाउन बन्देज गरिएका छ, त्यसैले शुद्रले छाला र फलाम, कपडा सिलाउने, कृषि र सरसफाइको श्रम गर्नुपरेको छ, जुनज्यालामा आधारित श्रम नभई बालीघरे प्रथामा आधारित दलनको श्रम हो । आफ्नै विशिष्ट वंशानुगत पेशा भएका करिब चार अन्तर्वैवाहिक जाति र उपजातिलाई चार वर्णमा विभाजन गरिएको छ, जसमा ब्राह्मण (पुरोहित), क्षत्रीय (सैनिक), वैश्य (व्यापारी) र शुद्र (सेवकको) रूपमा विभाजन गरिएको छ । वर्णव्यवस्थामा भएको श्रम विभाजनको मुख्य बिशेषता अनुल्लङ्घियता हो । वर्णव्यवस्थामा श्रमको क्षेत्र जात व्यवस्थामा आधारित रहेको छ । यस प्रकारको श्रम विभाजनले विशिष्ट प्रकारको वर्गीय समाजको निर्माण गऱ्यो (अम्बेडकर, १९१६) ।

Anthony Giddensको सामाजिक स्तरिकरण र वर्ग अध्यायमा, सामाजिक स्तरिकरणको मुख्य आधार जात व्यवस्था पनि हो जुन जन्मको आधारमा मानिसको स्तर निर्धारण हुन्छ । समाजमा

मानिसको हैसियत व्यक्तिको विशेषता संग जोडिएको हुन्छ भने जात र नश्लले पनि सामाजिक स्तरिकरण निर्धारण गर्दछ । जात व्यवस्था भएको समाज र जन्मको आधारमा प्राप्त हुने सामाजिक हैसियतले जात वर्गको रुपमा स्थापित हुन्छ (शर्मा १९९९) । तर वर्तमान आधुनिक पुजिवादी युगमा फरक-फरक जातका मानिसले पनि एकै ठाउमा काम गर्ने हुदा जात व्यवस्था कमजोर हुदै गएको ( Giddens २००६) ।

नेपालमा राज्य पक्षबाट दलितहरूलाई समाजको तहगत विभाजनको भुइँ तहमा राखेर उनीहरूलाई स्रोतमाथिको अधिकार र शक्तिमा पहुँच हुनबाट वञ्चित गराउने काम विधान र कानुन बनाएरगरिएको लामो इतिहास छ। स्रोतमाथिको अधिकारबाट लगातार वञ्चित भएको र राजनीतिक, सांस्कृतिक अधिकार खोसिएको यो समुदायलाई दैनिक जीविकोपार्जनको चिन्ताबाट माथि उठ्न नदिने अर्थ-सामाजिक र अर्थ-राजनैतिक दमन अहिले पनि जारी छ (सुवेदी, २०१९) ।

रंगनायकम्मा (२०१३)वर्ण व्यवस्थाकोश्रम विभाजनले जातीय शोषण गरेको, त्यसअन्तर्गत अछुत (दलित) जातले बढी मात्रामा शारीरिक श्रमको कार्य गर्नुपरेको तर उसैकोजमिन र उत्पादनको स्रोतसाधन नभएकोले जात व्यवस्थाभित्र रहेको असमान श्रम व्यवस्थालाई अन्त्य गर्नुपर्न तर्क गर्छन् ।

नेपाल पुँजीवादी अर्थतन्त्र भएको मुलुक त हो, तर पनि दलित समुदायको श्रमको उल्लेख्य भाग अर्धसामन्ती छ। नेपालमा ठूलो सङ्ख्यामा भूमिहिन रहेका अछुतमध्ये धेरैजसोलाई आश्रित श्रमको वर्गभित्र राख्नु मनासिब हुन्छ र धेरै अछुत व्यक्ति र परिवार आश्रित श्रमभित्र फसेका छन् । खासगरी बालीघरे प्रथा जस्ता आश्रित श्रमव्यवस्थाले दलित समुदायको आर्थिक उन्नतिमा नकारात्मक भूमिका खेलेको छ (मिश्र, २०६७) ।परम्परागत रूपमा फलाम(ज्यावल र हातहतियार) को पेशामा संलग्नविश्वकर्मा समुदायले विगत लामो समयदेखि उच्च जातको सेवकको रूपमा काम गर्दै आएका छन् । नेपालका प्रशाशनिक क्षेत्रमा रोजगारको अवस्था न्यून मात्रमा रहेको छ । शिक्षा, राजनीति, भूमिमाथिको स्वामित्वको पहुँचबाट वहिष्करणमा परेका कामी समुदायको आर्थिक अवस्था उच्च जातको तुलनामा निकैकमजोर रहेको छ। समाजमा व्याप्त जातीय भेदभाव तथा छुवाछुतको कारणले गर्दा विभिन्न अवसरहरूको वञ्चितीकरणले उनीहरूको जीवनस्तरमा सुधार भएको छैन, उनीहरूले रोजगारी पाएका छैनन्, स्रोत र साधनमाथिको स्वामित्व गुमाएका छन् ।

**१.२.१अनुसन्धान प्रश्न**

नेपालमा जात व्यवस्थासम्बन्धी जेजतिखोज,अनुसन्धान, लेख, रचना, पुस्तक प्रकाशित भएका छन, तिनमध्ये कमैले पनि जातले वर्गको निर्माण कसरी गर्छ भन्ने विषयमा अध्ययन गरेको पाइन्छ । त्यसैले मले जातले वर्गको निर्माण कसरी गर्छ भन्ने किसिमको अनुसन्धानतर्फ अग्रसर हुँदै बाग्लुङ नगरपालिका-७ कालिमाटी, गैरीगाउँका विश्वकर्मा समुदायको वर्गनिर्माण प्रक्रियाका आयामहरूको खोजी गर्ने सिलसिलामा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छु:

क. जातीय विभेदले विश्वकर्मा समुदायको आर्थिक क्षेत्रमा पारेको प्रभाव कस्तो प्रकारको रहेकोछ?

ख. भूमिमाथिविश्वकर्मा समुदायकोके-कति पहुँच र अधिकार छ ?र, यसले वर्गको आधारनिर्माणमा कस्तो प्रकारको भूमिका खेलेको छ ?

ग. कामी समुदायले उत्पादन गरेका वस्तु तथा सेवाको बजारको स्थिति कस्तो छ ?र, उत्पादित वस्तु तथा सेवाको बिक्रीले आर्थिक रूपमा कस्तो प्रभाव पारेको छ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि खोज तथा अनुसन्धानको आफ्नै विशिष्ट उदेश्य हुन्छ, यस अध्ययनको मुख्य उद्देश्य निम्न प्रकारका रहेका छन्:

क.हिन्दु वर्णव्यवस्थामा आधारित जात व्यवस्थाको तहगत भिन्नता विभाजनलेविश्वकर्माजातिको वर्गनिर्माण प्रक्रियाका आयामहरू पत्ता लगाउनु ।

ख.जात व्यवस्थाभित्रको श्रमको विभाजनले विश्वकर्मा समुदायको आर्थिक अवस्थामापारेकाप्रभावहरूको खोज गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपाली समाजमा विद्यमान जात व्यवस्थाले समाजको सामाजिक संरचनामाथि आफ्नो प्रभुत्व कसरी कायम गरेको छ, र यसभित्रको असमान श्रम विभाजनले दलित समुदायमाथिदलित समुदायमाथि पारेको असरको अध्ययन गर्नु जरुरी छ । नेपालमा १९१० सालको मुलुकी ऐनले जात व्यवस्थालाई कानुनी मान्यता दिएसँगै दलित समुदायउच्च जातको सेवकको रूपमा प्रयोग हुँदै आए ।

विगतदेखिनै दलितलाईराज्य संरचनाका विभिन्न क्षेत्रहरूमा प्रवेशनिषेध गरिएको र सांस्कृतिक रूपमा लामो समयसम्म वहिष्करणमा पारिएको जगजाहेरछ । यस सन्दर्भमा दलित समुदायलेसहस्रवर्षदेखि शोषण, उत्पीडन, विभेद, वहिष्करण र अमानवीय वा मानिस-मानिसबीचको छुवाछूत तथा भेदभावबाट भोग्नुपरेका पीडा र जीवन अवस्थाको बारेमा खोज अनुसन्धान गर्नु अत्यन्त जरूरी छ ।

नेपालमा जात व्यवस्थामाथि अध्ययन खोज तथा अनुसन्धान भए तापनि विश्वकर्मा समुदायको वर्गनिर्माणको प्रक्रियामा जात व्यवस्थाले कस्तो प्रकारको भूमिका खेल्दछ र जात व्यवस्थाले वर्गनिर्माणमा कस्तो प्रभाव पार्दछ भनेर अध्ययन भएको पाइँदैन । लामोकालखण्डमा जात व्यवस्थाभित्रको शुद्र अन्तर्गत कामी जातिले भोग्नु परेकाजातीय छुवाछूत तथा विभेद, सामाजिक, धार्मिक, राजनैतिक वहिष्करण, संस्कृत शिक्षामाथिप्रतिबन्ध, प्रशानिक क्षेत्रमा न्यून उपस्थिति निश्चित पेशाको बाध्यकारी अवलम्बन इत्यादिले कामी समुदाय हिन्दु वर्ण व्यवस्थाअन्तर्गगत बढीथिचोमिचोमा परेको कुरा स्पष्ट छ ।

जात व्यवस्थाभित्रको तहगत विभाजन नै असमानताको प्रमुख विशेषता हो, जसलाई हिन्दु विचारधाराले टेवा पुऱ्याइराख्दछ । पश्चिमा समाजमा आर्थिक स्रोत र राजनैतिक शक्तिको आधारमा असमानता हुने गर्छ । नेपालमा जात व्यवस्थाले राज्यदेखिसमाजका हरेक तहमा आफ्नो प्रभुत्व कायम गर्दै आएको छ, र जातकै आधारमा ऊँच-नीच, जन्मले निर्धारण गर्ने पेशा-व्यवसाय, अवसर र वञ्चितीकरणको प्रत्यक्ष लाभ उच्च जातले प्राप्त गर्ने हुँदा, मुख्यतः आर्थिक स्रोतमाथिको पहुँच र राजनैतिक शक्तिमाथिको पकड पनि स्वतः जात व्यवस्थाले निर्धारण गरेको उच्च जातले लाभ प्राप्त गर्ने हुँदा जात व्यवस्थाले वर्गनिर्माणमा प्रमूख भूमिकाखेलेको पाइन्छ (डुमो, २०००) ।

नेपालमाजातीयताको आधारमा हुने विभेदले कामी जातिले पाउने सेवा, सुविधा र अवसरको वञ्चितीकरण र शिक्षामाथिको वहिष्करणले कामी समुदायको आर्थिक अवस्थामा कस्तो प्रकारको असर गरेको छ भन्ने कुराको अध्ययन गर्नु यस शोधको मुख्य उद्देश्य रहेको छ । जातीय विभेद, वहिष्करण र वञ्चितीकरणले बाग्लुङ नगरपालिका-७कालिमाटी, गैरीगाउँका विश्वकर्मा समुदायको जीवनस्तर तथा आर्थिक अवस्थाको सुधार साथसाथै वर्गनिर्माण प्रक्रियामा कस्तो प्रकारकाभूमिका खेल्दछन् भन्ने कुराको अध्ययनको लागि भविष्यमा यो अनुसन्धान सार्थकसिद्धहुनसक्छ ।

## अध्यायदुई

## सन्दर्भ साहित्यको सिंहावलोकन

### २.१नेपालको जात व्यवस्था सम्बन्धी समाजशास्त्रीय बहस

समाजशात्री चैतन्य मिश्र (२०६७) का अनुसार, (दलित) छुवाछूत करिब २५ सय वर्षअघिदेखि सुरुवात भएको मान्ने हो भनेपनि १ सय २५ पुस्ते इतिहासलाई हेर्दा दलितमाथिको विभेद, वहिष्करण अति नैहृदयविदारक र लज्जास्पद रहेको छ । इतिहासदेखि नै दलित र गैरदलित बीचको सामाजिक, सांस्कृतिक, राजनैतिक आदि आयामहरूको अ बुझ्नु जरुरी छ ।मिश्रको तर्क के छ भने, दलित समस्या सांस्कृतिक समस्या मात्र नभएर दलित र दल्ने समुदायबीचको समस्याको प्रकृति वृहत र साम्रग्रिक चरित्रको समस्या हो । नेपालमा दलित समुदायको समस्या संस्कृतिको क्षेत्राधिकारभित्र मात्र सीमित छैन, यसले सामाजिक व्यवस्थाभित्रको राजनैतिक र आर्थिक क्षेत्रमा समेत आफ्नो ठाउँ ओगटेको छ । जात व्यवस्थाभित्र भाषिक सम्बोधन गर्न प्रयोग गरिने शब्द समेत "तँ" र "हजुर"शासक र शासितबीचको सम्बन्धको रूपमा समेत चित्रण गरेको पाइन्छ । मार्क्सवादी दृष्टिकोणका आधारमामिश्रले के कुरामा जोड दिन्छन् भने जात व्यवस्था उत्पादनका साधनलगायत व्यक्तिगत सामर्थ्यमाथिको पहुँच भएको र कम भएको वा नभएको बीचको सम्बन्ध हो, दलित र गैरदलितबीचको सम्बन्धको प्रकृति साधनयुक्त र साधनविहीनबीचको सम्बन्ध हो; दलित-नदलितबिचको सम्बन्ध वर्गीय सम्बन्ध हो, तर अरू धेरै विशिष्टतासहितको वर्गीय सम्बन्ध हो ।जात व्यवस्थाभित्रको अर्को मुख्य पाटो तथा प्रश्न वंशाणुगतताको गुण हो । जात, वंश, कुलका कारण दलितले जन्मजन्मान्तर पिँधमै जीवन गुजार्नुपर्ने बाध्यता छ ।

मिश्रका अनुसार नेपाल पुँजीवादी अर्थतन्त्र भएको मुलुक त हो, तर पनि दलित समुदायको श्रमको उल्लेख्य भाग अर्धसामन्ती छ । नेपालको सन्दर्भमापुँजीवादीश्रमव्यवस्थाको प्रकृति अर्थात्श्रम संरचनामा निहित हुन्छ, जसमा स्वतन्त्र ज्यालादारी र सिङ्गो श्रमिकको सट्टा उसबाट सीमित मात्रको श्रम किन्ने व्यवस्था पुँजीवादीद्योतक हो; कमैया वा यस्तै अर्धदास पुस्तैनी हली र नोकरचाकर र धेरै किसिमले अपेक्षाकृत ठूलो सङ्ख्यामा भुमिहीन अछूतहरूमध्ये धेरैलाई आश्रित श्रमको वर्गभित्र राख्न मनासिब हुनेछ । खासगरी बालीघरे प्रथाजस्ता आश्रित श्रम व्यवस्थाले दलित समुदायको आर्थिक उन्नतिमा नकारात्मक भूमिका खेलेको छ ।

समाजशास्त्री लुइँटेल (२०१८) का अनुसार, वर्तमान नेपाली समाजमा जात व्यवस्था डुमोले परिभाषित गरेको वर्ण व्यवस्था र नेपालको मुलुकी ऐनले लागु गरेको जातगत रुपमा हुने तहगत भिन्नतामा आधारित नरहेको तर्क गर्नुहुन्छ । नेपाली समाजमा हिजो जसरी जातगत आधारमा निर्धारण

हुने पेशाले दलित जातको आर्थिक तथा सामाजिक जिवनमा महत्वपुर्ण भुमिका खेलेको तर त्यो आजको नेपाली समाजमा कमजोर रहेको छ । समाजको विकास, सामाजिक सरंचना भित्र भएको परिवर्तन र गतिशिलता सगैं आजको २१औ शताब्दीमा तीब्ररुपमा भएको बजारको विस्तार, आधुनिकिकरण, शिक्षा, विज्ञान र प्रविधिमा पहुच, नवउदारवाद, विश्वव्यापीकरण लगायत  मानिसहरु बीचमा हुने अन्तरक्रिया, पारस्परिक सम्बन्धहरुका कारण जातगत रुपमा हुने दलित र गैरदलित बीचको विभेद कमजोर हुदै गएको पाइन्छ । जसको उदाहरणको रुपमा वर्तमान समयको नया पुस्तालाई लिन सकिन्छ । आर्थिक रुपमा भएको विविधिकरण, मौद्रिक नितिको बढावा, ग्रामिण क्षेत्रहरूमा आर्थिक रुपले पारेको प्रभाव, गैरकृषी क्षेत्रमा पेशाको अवलम्बन, व्यापार, व्यवसाय र भुमीमाथि उच्चजातको एकाधिकारमा दलित जातको  बढावाले जात व्यवस्थाको सरंचनालाई कमजोर पारेको छ ।

जात व्यवस्थालाई जडरुप वा अपरिवर्तनिय रुपमा नभइ गतिशिल र सामाजिक सरंचनामा हुने परिवर्तनका रुपमा बुझ्नु पर्दछ । हिजोको नेपाली समाजमा जसरी जातगत आधारमा अपनाउने पेशाहरु वर्तमान समयमा जो कुनै जातले कुनैपनि प्रकारको  पेशाहरु अवलम्बन गर्न सक्दछन्  । कुनै एक दलित जातको परिवारको आर्थिक आम्दानीको स्रोत जातगत आधारमा निर्धारित नभएर विभिन्न पेशा, व्यवसाय अपनाई आर्थिक रुपमा सबल हुन सक्दछन । बालीधरे प्रथामा आधारित श्रमको शोषण र जातगत रुपमा हुने तहगत भिन्नता माओवादीले सुरुवात गरेको १० बर्ष जनयुद्दका कारणले पनि कमजोर भएको तर्क रहेको छ । बालिधरे प्रथामा आधारित श्रम व्यवस्था दलित जातमा कमजोर हुदै गएको छ । जसको मुख्य कारण, खुल्ला श्रम, कृषि पेशा बाट गैरकृषि क्षेत्रका पेशाको अवलम्बन, नगद मुल्यमा आधारित ज्यालादारी श्रम लगायतले गर्दा दलित जात र गैरदलित जातमा हुने तहगत भिन्नता कमजोर र राजनैतिक रुपमा सचेत, शिक्षामा पहुचले स्वतन्त्रता पनि प्राप्त गर्दे गएको पाइन्छ ।

विष्ट (२०२०) का अनुसार नेपाली समाज जटिल जातीय मिश्रण भएको विविधतायुक्त समाजसँगसँगै सामाजिक र आर्थिक अवसरहरूको असमानताबाट ग्रसित रहेको छ, साथै भाग्यवादीसंस्कृतिबाट ग्रसित पनि छ । जन्मले निर्धारण गर्ने जातको अवधारणाले त्यस हदसम्म मान्यता पाएको हुन्छ, जुन हदसम्म वर्गको बिशेषाधिकार कायम राख्न आवश्यक हुन्छ । जन्ममा

आधारित जात प्रथाको कठोरपनाले विकासमा प्रतिकूल असर पुऱ्याउँछ र यसको मूल्य-मान्यताहरूबाट नेपाली समाजमा नकारात्मक असर पर्न गएको छ ।

## २.२ भारतिय समाजमा जात व्यवस्था सम्बन्धी बहस

अम्बेडकर (१९१६) ले जात प्रथालाई हिन्दु समाजको चालक मानेका छन्, जसको सिद्धान्त वशांणुगतका रूपमा निरुपण र त्यसको निरन्तरतामा आधारित हुन्छ, त्यसको स्पष्ट उदाहरण आर्थिक क्षेत्रमा देख्न सकिन्छ । कुनै जातको सदस्यले आफ्नै जातभित्रको निर्धारित पेशा अपनाउनैपर्ने बाध्यात्मक परिस्थितिले गर्दा व्यक्तिको क्षमता, रूचि, पेशा र व्यवसायबाट वञ्चित गर्ने काम गर्दछ ।अधिकारहरूको असमान वितरण नै जात प्रथाको मुख्य केन्द्र हो र यसको ठूलो मारमा दलित समुदाय परेका हुन्छन् । सामाजिक तथा आर्थिक अधिकारहरूको विभाजनले गर्दा वञ्चितीकरणमा परेका जातहरूले पेशा छान्न तथा शिक्षा हासिल गर्न नपाउने हुनाले उनीहरूले आफ्नो आर्थिक अवस्था सुधार गर्ने मौका नै पाउँदैनन् ।

हिन्दु वर्ण व्यवस्थाभित्रको श्रम विभाजनअन्तर्गत ब्राह्मणलाई ज्ञान र शिक्षा आर्जन, क्षेत्रीयलाई देशको शासन तथा सुरक्षा सञ्चालन, वैश्यलाई आर्थिक उन्नतिका लागि पशुपालन खेती तथा व्यापार र शुद्रलाई शिल्पकारी तथा सबै वर्णको सेवाको काम भाग लगाइएको छ । श्रमजीवी वर्गलाई ज्ञान, राजकीय एवं सामाजिक अधिकारबाट वञ्चित गर्नुका साथै तत्कालीन शासकहरूले आफ्नोशासनलाइ व्यवस्थित पार्न लादेको श्रम विभाजन विस्तारै वर्गीय समाजमा विकसित भयो र त्यही समाज वर्ण व्यवस्थामा विकास भएको अम्बेडकर (१९८९) को ठहर छ । हिन्दु राज्यहरूको बिस्तारसँगै वर्ण व्यवस्था नभएका जातिमा पनि वर्ण व्यवस्था सिर्जना गरी समाजमा सबभन्दा तल परेका हिस्सालाई अछुत घोषणा गरियो । अम्बेडकरकाविचारमाजात भारतीय समाज र संस्कृतिको सर्वाधिक महत्वपूर्ण एकल पक्ष हो, जसबाट भारतको सास्कृतिक एकता बनेको छ । जातले भारतको राजनीतिक र आर्थिक जीवनमा एक प्रमुख निर्धारकको भूमिका खेलेको छ । राजनैतिक दृष्टिले यो अछुतहरूमाथिको उत्पीडनको स्रोत हो । यो स्वयंमा अलोकतान्त्रिक मात्र होइन, लोकतान्त्रिक एकता र राष्टिय एकीकरणको बाटोको तगारो हो । जातले जनताको संगठन, एकतामा र देशको अग्रगमनमा अवरोध पैदा गरेको छ ।

डुमो (२०००) के लेख्छन् भने, जात हिन्दु समाज व्यवस्थाको एक तत्व हो र जातको समग्र संरचनाभित्र तहगत भिन्नताको सम्बन्ध रहेको हुन्छ । पश्चिमा समाजमा राजनैतिक हैसियत र आर्थिक स्रोतकोआधारमा वर्गबीचको असमानता छ । त्यसभन्दा भिन्न दक्षिण एसियाका मुलुकमा हिन्दु जात व्यवस्थाभित्रको मुख्य सिद्धान्त तहगत भिन्नतको असमानता हो, जसलाई हिन्दु विचारधाराले बचाइराख्न मद्दत गर्दछ । जात व्यवस्थाभित्र एकअर्कालाई छुन समेत नहुने, सँगै बसेर खानपिनमा रोक, सजातीय विवाह प्रणाली, र पवित्रता र अपवित्रताको तहगत भिन्नता रहेको हुन्छ,श्रमको विभाजनसँगै कामको आधारमा एकअर्कामा अन्तर्निर्भर हुने व्यवस्था रहेको हुन्छ ।

डुमोजातलाई आर्थिक, राजनैतिक र नातागत प्रणालीको सम्बन्धका रूपमा हेर्छन्, जुन निश्चित मूल्य मान्यताहरूले बाँधिएको हुन्छ र धार्मिक प्रकृतिको हुन्छ। जात स्तरीकरणको रूप होइन, त्यो त जातबीचको असमानताको एक विशेष रूप हो । जातीय व्यवस्थाले सम्पूर्ण भारतीय समाजलाईठूलो सङ्ख्यामा वंशाणुगत समुहहरूमा विभाजित गर्दछ,उनीहरू एकअर्काबाट अलग र पवित्रता र अपवित्रताको बिशेषताले जोडिएकाहुन्छन् । विवाह वा सम्पर्कजातीय नियमको आधारमा अलग-अलग हुन्छ । सैद्धान्तिक परम्परागत नियमअनुसार प्रत्येक जातको काम धार्मिकपद्दतिअनुसार गरिन्छ, जातको तहगत स्तरीकरणले एक जातको तुलनामा अर्को जात स्वतः ऊँच वा नीचको रूपमा वर्गीकृत हुने गर्दछ ।

मानवशास्त्री वेरिम्यान(२०००)डुमोको विश्लेषणसँग पूर्णरूपमा असहमति जनाउँदै आफ्नो पुस्तक *द ब्रामिनिकल भ्यू कास्ट*मा(The Braminical View of Caste) आजको भारतीय समाजमा जातीय व्यवस्था अत्यन्तै कमजोर मानिने र पुरानो जातीय व्यवस्थालाई अब वर्गीय व्यवस्थाले विस्थापित गरेको तर्क गर्दछन् । डुमोको भारतीय समाजको जात व्यवस्थासम्बन्धी अध्ययन तथ्यमा आधारित नभई शास्त्रीय संस्कृत पुस्तकका आधारमा गरेको ठोकुवा वेरिम्यानकोछ । उनी भारतीय समाजमा राजनैतिक शक्ति र आर्थिक व्यवस्था जात व्यवस्थाबाट अलग रहेको तर्क गर्दै सामाजिक व्यवस्था परिवर्तनीय छ भनी व्याख्या गर्दछन् । वर्तमान परिस्थितिमा जातीयविभेद, भेदभाव र वहिष्करण कमजोर हुँदै गएको छ । जातमा आधारित पूर्वनिर्धारित पेशा अहिले आएर जोकोही जात वा धर्म मान्ने व्यक्तिलेअपनाउन पाउँछ । पुरानो जातीय व्यवस्थालाई विकसित हुदै गएको आधुनिक

समाज, राजनैतिक चेतना, शिक्षा, सूचना, प्रविधि इत्यादी कुराले प्रतिस्थापन गरेको छ । आजको समाजमा राजनैतिक शक्ति, सत्ता जुनसुकै जात वा समूहले पनि हासिल गर्न सक्दछ ।

दिपाङ्कर गुप्ता (२००४) का अनुसार वर्तमान भारतीय समाजमा जात व्यवस्थाभित्रका जातिले राजनैतिक शक्ति, आर्थिक हैसियतका साथै शुद्र जातिले पनि उच्च जातले अपनाउने पेशा र सामाजिक हैसियत प्राप्तिको लागि सङ्घर्ष गरिरहेका छन् । वर्तमान परिस्थितिमा लोकतान्त्रिक व्यवस्था र शहरीकरणको परिवर्तनसँगै जात व्यवस्था हिजोको भारतीय समाजमा जस्तो कठोर खालको नभएर खुला प्रकारको रहेको छ । जात व्यवस्थाभित्रका जातले वर्तमान अवस्थामा आफ्नो राजनैतिक शक्ति प्राप्तका लागि सचेत रूपमा राजनैतिक सङगठनहरूमा आबद्ध हुने, समुदायप्रतिको आत्मनिर्णयको अधिकार र राज्य संरचनामा हस्तक्षेपकारी भूमिका खेलेको पनि पाइन्छ । वर्तमान लोकतान्त्रिक शासन व्यवस्थाभित्र मानिसहरूबीचकोआपसी सम्बन्ध, जातीय विभेदसम्बन्धी कानुन, राज्य-तहका प्रशासनिक अङ्गहरूमा समावेशी सहभागिताको अवधारणा, समान अवसर, शिक्षा, सूचना, प्रविधि र विज्ञानमाथिको पहुँच लगायतले पनि जात व्यवस्थामा आधारित समाजलाई विस्थापित गरेको छ ।

समाजशास्त्रीAnthony Giddensको सामाजिक स्तरिकरण र वर्ग अध्यायमा, सामाजिक स्तरिकरणको मुख्य आधार जात व्यवस्था पनि हो जुन जन्मको आधारमा मानिसको स्तर निर्धारण हुन्छ । समाजमा मानिसको हैसियत व्यक्तिको विशेषता संग जोडिएको हुन्छ भने जात र नश्लले पनि सामाजिक स्तरिकरण निर्धारण गर्दछ । जात व्यवस्था भएको समाज र जन्मको आधारमा प्राप्त हुने सामाजिक हैसियतले जात वर्गको रुपमा स्थापित हुन्छ (शर्मा १९९९) । तर वर्तमान आधुनिक पुजिवादी युगमा फरक-फरक जातका मानिसले पनि एकै ठाउमा काम गर्ने हुदा जात व्यवस्था कमजोर हुदै गएको (Giddens२००६) ।

## २.३वर्गसमन्वय बारे मार्क्सवादी बहस

मार्क्सका अनुसार मानव जातिको आजसम्मको इतिहास वर्ग सङ्धर्षको इतिहास हो । जुन पाँच प्रकारका उत्पादन पद्धती देखा परेका छन अर्थात सामाजिक, आर्थिक विकासका पाँच खुँड्किला देखा परेका छन् । ती हुन आदिम साम्यवाद, दासयुग, सामन्तवाद, पुंजिवाद र समाजवाद तथा साम्यवाद । उत्पादक शक्तिको विकास र आर्थिक सामाजिक व्यवस्था (उत्पादन पद्धती) ले सम्पुर्ण इतिहासको धारालाई निर्धारित गर्दछ । सामाजिक आर्थिक व्यवस्थानै त्यो जग हो जसको आधारमा राज्यसत्ता,

न्यायपालिका विज्ञान कला र साहित्यरूपी समाजको महल उभिएको हुन्छ । समाज विकासको क्रममा दास युगमा देखा परेका दुई अन्तरविरोधी वर्ग दास र मालिक , सामन्तवादमा सामन्त र किसान हुँदै पुँजीवादी युगमा पुँजीपती र सर्वहारा वर्गको स्थापित हुन पुग्यो । वर्गसमाजमा दुई प्रकारका वर्ग देखापर्दछन, एकथरी मानिस दिनरात परिश्रम गर्छन तापनी भोक, रोग र दुखका जिन्दगी बिताउछन । अर्काथरी कहिल्यै परिश्रम गर्दैनन् तथापी भोगबिलासको जिन्दगी विताउछँन । जो आफ्नो परिश्रम गरेर बाचेको हुन्छ उसलाई शोषितवर्ग र जो अर्कालाइ लुटेर ऐस गर्छ त्यसलाई शोषकवर्ग भन्छन । जसमा उत्पादनका स्रोत र साधनमाथीको स्वामित्व र वर्चश्व कायम राख्ने वर्ग शोषक वर्ग हो भने उत्पादनका साधन र स्मामित्व माथी पहुचविहीन वर्ग शोषित वर्ग हो (मार्क्स १८४८) ।

जसरी मार्क्सले सामन्तवादी युगमा देखा परेका दुई अन्तरविरोधी वर्ग जमिन्दार र किसान बीचको वर्ग सङ्धर्षको बारेमा ब्याख्या गरेका छन जहा देशको सम्पुर्ण जमीनमा सामन्तहरुको अधिकार हुन्छ । किसानहरु जमिनमा काम गर्छन तर बर्षौ देखी किसानले खनजोत गरेको जमिनमा सामन्तहरुको अधिकार हुन्थ्यो । त्यस्तै नेपाली समाज युरोप लगायतका देशमा जस्तो वर्गियरुपमा देखा परेका दुई अन्तरविरोधी वर्ग भन्दा फरक तरिकाले ब्याख्या गर्न सकिन्छ । जसमा नेपाली समाज मुख्यतः हिन्दु धर्ममा आधारित जात व्यवस्थाले मुख्य भुमिका खेलको पाईन्छ जसमा तहगत रुपमा मानिसहरु बीच श्रम विभाजनको आधारमा राज्य संरचनामाथिको लाभ पहुच र अधिकार जातले निर्धारण गर्यो । नेपालमा जातमा आधारित व्यवस्थामा सामन्त वा जमिनदार स्वत उच्चजातको हुने, राज्य सँञ्चालन, राज्यका संरचनामाथीको पहुच अधिकारमा उनिहरुकै वर्चश्व हुने हुदा वर्गिय रुपमा शोषक वर्गको रुपमा लिन सकिन्छ । भने जो शुद्र जातका मानिस भुमिहिन र सामन्तको जमिनमा काम गर्छन वा अधिया जमिनको प्रयोग गर्छन जसले आधाभन्दा बढी उत्पादित वस्तु जमिनदारलाई बुझाउनु पर्ने हुन्छ जसले बर्षभरी काम गरेबापत जिवन गुजारा गर्ने स्थिति पनि हुदैन जो शोषित वर्गमा पर्दछ । जस अनुरुप नेपालमा जातगत भिन्नताले एक प्रकारको वर्गको निर्माण गरेको छ ।

ग्राम्ची (१९७५) का आधिपत्यको सिद्धान्तले के बताउँछ भने वर्चस्वशाली अल्पसङ्ख्यक वर्गलेसिर्जना गरेकोसांस्कृतिक आधिपत्य अधीनस्थ बहुसङ्ख्यकहरू आत्मसात गर्न पुग्दछन् र सम्मतिसाथ शासित हुन तयार हुन्छन् । कोही मानिस शासित हुन चाहँदैनन्, त्यसैले शासक वर्गले यस्तो किसिमको सांस्केतिक सङ्कथन लागू गर्छ, जसको फलस्वरूप शासित वर्गमा ‘म शासित हुन

तयार छु'भन्ने मनसस्थितिको निर्माण हुन्छ, र शासित वर्ग राजीखुसीसाथ शासित हुन्छ । नेपालमा हिन्दु धर्मभित्रको जात व्यवस्थाले दलित समुदायमाथिधर्मकै आधारमा सांस्कृतिक अधिपत्य कायम गरेको बुझ्न सकिन्छ । जात व्यवस्थामा दलितलाई मानव पनि ठानिँदैन । नेपाली समाजको राजनैतिक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना जात प्रथामा आधारित छ ।

## २.४ जात र वर्गसमन्वय वारे छलफल

पिताम्बर शर्मा (२०६९) का अनुसार वर्गीय अवधारणाको विश्लेषणात्मक अवधारणा के हो भने यसले मनोगत धारणाभन्दा वस्तुगत यथार्थलाई आत्मसात गर्दछ । वर्गलाई कुनै व्यक्ति समूहको वर्गको पहिचान उसको दौलतले भन्दा पनि श्रम र उत्पादनका साधन सगको सम्बन्धद्वारा निर्धारित उसको आय स्रोतको वस्तुगत यथार्थले गर्दछ । शर्माका अनुसार वर्गजस्तै जाति पनि एउटा विभेदको सूचक हो, तर जातिय विभेद सम्बन्धित व्यक्तिको जन्मको नियतिद्वारा निर्धारित विभेद हो । हिन्दु वर्ण व्यबस्थाले ठाडो सामाजिक विभेदको एउटा आततायी परिपाटी नै संस्थागत गऱ्यो । यो व्यवस्थाले ठाडो श्रेणीमा विभिन्न जातीय समूहलाई वर्गीकृत मात्र गरेन, यसलाई समाजको खास वर्गको स्वार्थपूर्तिको माध्यम पनि बनायो । नेपालमा विविध जातजाति, संस्कृति र भाषाभाषी भएको मुलुकमा सन् १८५४ को मुलुकी ऐनले सबै जातजाति सांस्कृतिक र भाषिक समुदायलाई एउटै हिन्दु सामाजिक सरंचनामा जबरजस्त ढाल्ने र हुल्ने प्रयत्न गऱ्यो, चोखो र बिटुलोको कर्मकाण्डी आधारबमोजिम जात र जातिलाई विभेद गर्न आधार बसाल्यो । हिन्दु वर्ण व्यवस्थाले जातका माध्यमबाट कुनै समूहको आय र जीविकाको स्रोत सामाजिक उत्पादनका साधनमा पहुँच र नियन्त्रण तथा उत्पादनका साधनहरूको स्वरुपमा निश्चयै प्रभाव पारेको छ । भूमिपति, जमिन्दार, सुदखोर, महाजन उच्च जातकैछन्, किसान, भुमिहीन र ठुला भूमिपतिहरूकहाँ श्रम र सीप बेच्ने तल्लो जातका दलितहरू भने अहिलेसम्म पनि तल्लो र विपन्न वर्गमै छन् ।

रंगनायकम्मा (२०१३) का अनुसार दक्षिण एसियाली भारतिय समाजमाउच्च जातले तल्लो जातमाथि श्रम शोषण गरेको छ, जस अन्तर्गत तल्लो (दलित) समुदायलाई बढी भन्दा बढी मात्रामा शारीरिक श्रमको कार्यमा अभ्यस्त हुनु बाध्य पारिएको छ । यो किसिमको असमान श्रम विभाजन र स्रोत-साधनमाथिको पहुँचबाट वञ्चितीकरणमा पारिएका दलित समुदाय जातीय र वर्गीय रूपमा आजसम्म पनि समाजको सबैभन्दा पिँधमा रहेका छन् ।मार्क्सवादी दृष्टिकोणका आधारमा उनले के तर्क

गर्छन् भने समाजमा जातीय समस्या समाधानका निम्ति जो उत्पादनका साधनमाथि स्वामित्व रहेका उच्च जातको निजी (सम्पति) अधिकारको अन्त्यसाथै पुरानो श्रम (जातीय) विभाजन परिवर्तन गर्नुपर्दछ । पुरानो श्रम विभाजनको उन्मूलनले उच्च जातिले पनि शारीरिक श्रम गर्नुपर्ने हुन्छ र तल्लो जातको समुदायलाई पनि बौद्धिक कार्य गर्ने अवसर मिल्नेछ, जसकारण प्रत्येक व्यक्तिलाई समाजको अस्तित्वको निम्ति बौद्धिक अथवा शारीरिक श्रम अनिवार्य हुन्छ । भूमिहीन अछूत जातिलाइ भूमिको आवश्यकता तथा माग गर्नु वर्गसंघर्ष हो । सदा शारीरिक श्रममात्र गर्न बाध्य पारिएको अछुत जात बौद्धिक श्रम गर्न पाउनुपर्ने माग राख्दछन् भने त्यसलाई वर्गसंघर्षको रूपमा पनि बुझ्नु जरूरी हुन्छ ।

आहुति (२०७१) का अनुसार सामाजिक एवं सांस्कृतिक क्षेत्रमा दलितहरूको उत्पीडनमय अपमानपूर्ण शोषित जीवन हुनु त वर्ण व्यवस्थाको विशेषताको रूपमा चित्रण गरेका छन् । वर्ण ब्यवस्थाको नियमअनुसार कुनै पनि जात अर्का जातसँग बराबर नहुने र उनीहरूबीच कुनै प्रकारको छुवाछूत पनि अनिवार्य रूपमा हुने परम्परा लादिँदै जाँदा समाजमा विकसित भएका सबै जात ऊँचनीचको तहगत सम्बन्धमा आधारित हुन पुगे । वर्ण व्यवस्था समाजको श्रमजीबी वर्गलाई ज्ञान, राजकीय एवं सामाजिक अधिकारबाट वञ्चित राख्न र तत्कालीन शोषक ब्राह्मण क्षेत्रीयहरूको शासन र शोषणलाइ व्यवस्थित पार्न लादिएको थियो । श्रमक्षेत्र छनोटमा प्रतिबन्धनात्मकता नै दक्षिण एसियाली उप-महाद्विपमा विकसित वर्गीय समाजको मुख्य विशेषता थियो, र त्यो वर्गीय समाज वर्णव्यवस्थाका नाममा सङ्गठित गरिएको छ । दलित समुदायको स्थितिबारे बुझ्न उत्पादन सम्बन्धमा दलितको स्थान कहाँनेर भनेर खोतल्नु आवश्यक हुन्छ । दलित समुदायहरू सामन्ती र अर्धसामन्ती उत्पादन संरचनामा कसरी पिँधमा पर्न बाध्य छन् भन्ने कुरा बुझ्नको लागि समुदायको आर्थिक क्षेत्रको केन्द्रिय समस्या भनेको अहिले पनि उत्पादनका साधनबाट वञ्चित हुनु नै हो । सामाजिक क्षेत्रको केन्द्रीय समस्या छुवाछूत र भेदभावका कारण इच्छा र आवश्कताअनुसारको व्यवसाय र पेशा अँगाल्न नपाइने समान्ती सांस्कृतिक बन्देज हो । सामन्ती उत्पादन सम्बन्धले गर्दा दलित सबभन्दा बढी शोषित तथा उत्पीडित हुन् पुगेका छन्, जसको मूल कारण भूमिमा उनीहरूको न्युन स्वामित्व हो । दलितका परम्परागत पेसा पुँजीवादी उत्पादन सम्बन्धअनुसार नगदप्रणालीमा होइन, बालीघरे प्रथाजस्तो सामन्ती उत्पादन सम्बन्धअनुसारचल्नाले त्यसबाट दलितलाई नकारात्मक प्रभाव परेको छ । दलित समुदायको श्रम उल्लेख्य रूपमा अर्धसामन्ती छ । ठूलो सङ्ख्यामा भूमिहीन रहेका अछूत व्यक्ति र परिवार आश्रित श्रमभित्र फँसेका छन् ।

झलक सुवेदी (२०१९) का अनुसार नेपालमा राज्यपक्षबाट दलितहरूलाई समाजको तहगत विभाजनको तल्लो सिँढीमा राखेर उनीहरूलाई स्रोतमाथिको अधिकार र शक्तिमा पहुँच हुनबाट वञ्चित गराउने काम विधान र कानुन बनाएर गरिएको लामो इतिहास छ । स्रोतमाथिको अधिकारबाट लगातार वञ्चित भएको र राजनीतिक सांस्कृतिक अधिकार खोसिएको यो समुदायलाई दैनिक जीविकोपार्जनको चिन्ताबाट माथि उठ्न नदिने अर्थ-सामाजिक र अर्थ-राजनितिक दमन अहिले पनि जारी छ ।

जुन वर्गसँग उत्पादनका साधनमा आधिपत्य रहन्छ, उही वर्गको राज्य, समाजमा अधिकार, शासन व्यवस्था र राज्य सञ्चालनको अधिकार पनि रहन्छ; जो राज्यको शासक वर्ग हुन्छ, त्यहाँ वर्गीय समाजको जन्म हुन्छ ( ओझा, २०७३ ) ।

सुखदेव थोराट (२०१२) जातप्रथामा आधारित अर्थव्यवस्थाको नकरात्मक परिणामको असर खासगरी वञ्चिती विभेदमा परेका समूहहरूले भोगेको आम्दानीको वितरण र दरिद्रतामा देखापर्छ । सम्पतिको अधिकार विभिन्न जातमा असमानरूपमा विभाजन गरिने हुनाले आम्दानीको वितरण पनि असमान रूपमै हुनजान्छ । अछुत तथा अनुसूचित जातहरू सम्पतिको अधिकार तथा वञ्चित हुनाले उनीहरूमाथि यसको धेरै बढी गम्भीर असर पर्दछ ।

## २.५नेपालमा जात सम्बन्धी संवैधानिक व्यवस्था

मध्यकालमा काठमाण्डौ उपत्यका राजा जयस्थिति मल्ल र गोरखाका राजा रामशाहले जातीय व्यवस्थालाई अझै कसिलो बनाए । जङ्गबहादुर राणाको १९१० को मुलुकी ऐनले नेपाली समाजमाठूलो र सानोजातकिटान गऱ्यो । अन्ततः नेपालको अन्तरिम संबिधान २००७ को धारा १४(१) मा राज्यले धर्म, जाति, लिङ्ग, वर्ण, जन्म, जाति, जात, स्थान वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव गर्ने छैन (सिंह, २०४६) भनेर घोषणा गऱ्यो । २०७२ सालको नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य छ, जसको धारा २४ अन्तर्गत छुवाछुत तथा भेदभावविरुद्धको हकको उपधारा१ मा ‘कुनै पनि व्यक्तिलाई निजको उत्पति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारिरीक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन’, र उपधारा २ मा ‘कुनै वस्तु सेवा वा सुविधा, उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो

वस्तु सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्रिवितरण वा प्रदान गरिने छैन' भनेर लेखिएको छ ।

कानुनी रुपमा छुवाछुत विभेद साथै कुनै पनि प्रकारको वस्तु तथा सेवा बिक्रीमा रोक नलगाइने भनिएता पनि वस्तुतः त्यो पुर्ण रुपमा लागु हुन नसकेको अवस्था छ । सार्वजनिक रुपमा हुने पानी, धाराको प्रयोग, दलित जातले उत्पादन गरेका दुग्धजन्य पदार्थ लगायतका वस्तुहरुको बजारका लागी अझैपनी सहजता हुन सकेको छैन । त्यसैले संविधान तथा कानुनमा जातिय रुपमा हुने सबै प्रकारका विभेदको अन्त्य अक्षरमा गरिएतापनी यसको भुई तहमा कार्यान्वयन हुन सकेको छैन ।

## अध्याय तीन

## अनुसन्धान विधि

कुनै शोधकार्यका लागि विभिन्न विधिहरूको तौरतरिकालाई अपनाउनुपर्ने हुन्छ । शोधपत्र तयारका लागि निश्चित सीमा वा परिधिभित्र रहेर अनुसन्धानलाई पूर्ण बनाउन सकिन्छ। शोधपत्र तयारका लागि अपनाइएका बिधि र पद्दतिहरू देहाय बमोजिम रहनेछः

### ३.१अनुसन्धानको ढाँचा

वर्णनात्मक र अन्वेषणात्मक दुवै प्रकारको ढाँचामा आधारित रही अनुसन्धानलाई अगाडि बढाइएको छ । अन्वेषणात्मक अध्ययन भन्नाले शोधकर्तालाई आफ्नो अध्ययनको विषय स्पष्ट जानकारी हुँदैनबरु त्यसको उदेश्यले अध्ययनको बिषयको अन्तर्दृष्टि एवं जानकारी विकसित गर्नु हो । वर्णनात्मक अनुसन्धानले समाज समुदाय वा समुहको विशेषता एंव विवरणको मात्र अध्ययन गर्दैन बरु दुई परिवर्त्यहरूमा कस्तो सम्बन्ध छ त्यसको पनि विश्लेषण गर्छ । यस प्रकारको अध्ययनमा सही एवं पूर्ण सूचना प्राप्तिको बारेमा प्रयत्न गरिन्छ । यस अध्ययनमा नयाँ बिषय वा खोजी नभएको क्षेत्रमा खोजी गर्नुका साथै नयाँ क्षेत्रमा रहेका घटनाहरूको अन्तर्निहित तथ्यहरू पत्ता लगाउने काम हुनाले अनुसन्धान गर्दा अन्वेषणात्मक र वर्णनात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको बारेमा गुणात्मक तथ्यहरूको सङ्कलनमा वर्णनात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । यस अनुसन्धानले विश्वकर्मा समुदायको वर्गनिर्माणमा जात व्यवस्थाले खेलेको भूमिकाको खोज तथा अनुसन्धानमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचालाई प्रयोग गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्र छनोटको औचित्य

मेरो शोधपत्रमा अध्ययन क्षेत्र बाग्लुङ नगरपालिका-७ कालिमाटीलाई छनोट गरिएको छ । त्यस क्षेत्रमा बसोबास गर्ने विश्वकर्मा समुदाय र ब्राह्मण समुदायको बढी मात्रमा बसोबास रहेको छ । विश्वकर्मा समुदायको बस्ती भिन्दै भएको हुँदा सोही समुदाय अनुसन्धानका लागी बढी उपयोगी हुनेहुँदा सो क्षेत्रलाई छनोट गरिएको छ । यस क्षेत्रलाई छनोट गर्नुको प्रमुख कारण बाग्लुङ जिल्लाकोसदरमुकामसँगै जोडिएको यस ठाउँमा बजार क्षेत्रको प्रभावसँगै जातीय विभेदको अवस्था के-

कस्तो प्रकारको रहेको छ र *मनुस्मृति*देखि १९१० सालको *मुलुकी ऐन* र हिन्दु वर्णव्यवस्थाको प्रभावसँगै कामी समुदायको वर्गनिर्माणको प्रक्रियाको आयाम पत्ता लगाउन यस क्षेत्रलाई छनोट गरिएको छ ।

## ३.३ नमुना छनोट विधि

कुनै पनि सामजिक समस्या छनोट गरिसकेपछि अध्ययन समस्याको समग्र क्षेत्रको (universe) को अध्ययन गर्न कठिन हुन्छ । यस शोधपत्र-लेखन कार्यको लागि नमुना छनोटको लागि बाग्लुङ नगरपालिका-७ गैरीगाउँमा बसोबास गर्ने दलित विश्वकर्मा जातका समुदायबाट ७५ घरधुरीमध्ये ( Simple Random sampling सिम्पल र्यान्डम स्याम्पलिङ विधिबाट २५ घरपरिवारलाई नमुनाका रूपमा छनोट गरेको छु । यो विधिअनुसार धरधुरी उत्तरदाताको छनोट गर्दा सर्वप्रथम त्यस समुदायमा बसोबास गर्ने राजनीतिकर्मी, शिक्षक र अगुवाहरूको सहायताबाट प्रत्येक घरधुरीको सूची तयार पारेको छु । अध्ययन अनुसन्धानको लागी समग्रको प्रतिनिधित्व हुने हुने हुदा २५ धरधुरीलाइ नमुना छनोटको रुपमा लिइएको छ । यसरी छनोट गरिएका प्रत्येक घरका मुख्य एक जना सदस्यलाई तयार गरिएका संरचित प्रश्नावली र असंरचित अन्तर्वार्ताका साथै अवलोकनको माध्यमबाटतथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति एवं स्रोतहरू

### ३.४.१ प्राथमिक तथ्याङ्क

कुनै पनि अध्ययन अनुसन्धानको लागि प्राथमिक स्रोत मुख्य हुन्छ । प्राथमिक तथ्याङ्क सङ्कलनअन्तर्गत छनोट गरिएको क्षेत्रमा अनुसन्धानकर्ता स्वयं भौतिक रूपमा उपस्थिति भई तयार पारिएको असंरचित प्रश्नावली माध्यमबाट घरमूलीको अन्तर्वार्ता लिई तथ्याङ्कको सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय तथ्याङ्क

कुनै पनि अध्ययन अनुसन्धानका लागि द्वित्तीय तथ्याङ्कको स्रोत महत्वपूर्ण भूमिका रहन्छ । यस शोधकार्यलाई पूर्णरूप दिनका लागि प्रकाशित भएका लेख, रचना, पुस्तक, पत्रपत्रिका, जर्नल, शोधपत्र, तथा अनुसन्धानात्मक लेख सङ्कलनहरूलाई तथ्याङ्कको रुपमा अवलम्वन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

### ३.५.१ संरचित तथा असंरचित अन्तर्वार्ता

बाग्लुङनगरपालिका-७ गैरीगाउँ कालिमाटीमा बसोबास गर्ने विश्वकर्मा समुदायहरूको घरघरमा गई २५ घरपरिवारका सम्बन्धित व्यक्तिलाई प्रत्यक्ष रूपमा भेटी विषयबस्तुमा आधारित रहेर संरचित र असंरचित ढाँचामा तयार पारिएका प्रश्नावलीको माध्यमबाट विश्वकर्मा समुदायको पेशा, आर्थिक अवस्था, शिक्षामा पहुँच, सामाजिक, राजनैतिक क्रियाकलापमा उपस्थिति, परिवारको पारिवारिक आर्थिक स्थिति, जातीय भेदभाव, घरेलु वस्तु उत्पादनमा बजार पहुँचको स्थिति, भूमिमाथिको स्वामित्व, वैदेशिक रोजगारको स्थितिलगायतका प्रश्नहरू तयार पारी खुला प्रकारकाप्रश्नहरू सोधी तथ्याङ्क सङ्कलन गरिएको छ, जसमा उत्तरदाताले बुझ्ने र उत्तर दिन सक्ने प्रश्नावली वा सवालहरु समेटेर अन्तवार्ताका लागी आवश्यक निर्देशिका तयार पारी अन्तर्वार्ता लिइएको छ । यो अनुसन्धान विधिमा प्रश्न गर्दा प्रश्नकर्ता र उत्तरदाता एकैसाथ हुने भएकाले उत्तरदाताले भन्न खोजेको कुरा प्रष्ट भन्न नसकेपनि त्यसको वास्तविकता र अर्थ प्रश्नकर्ताले थाहा पाउने हुँदा यस विधिलाई तथ्याङ्क सङ्कलनको प्रमाणित र विश्वसनीय स्रोतको रूपमा लिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या एवं विश्लेषण

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिसकेपछि उद्देश्यअनुसार तथ्याङ्कलाई व्यवस्थित गर्नका लागि सङ्ख्यात्मक वा गणितीय रूपमा प्राप्त तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरी विभिन्न तालिकाद्वारा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ । आवश्यकताअनुसार तथ्याङ्कलाई प्रतिशतमा समेत उल्लेख गरिएको छ । तथ्याङ्कको प्रस्तुतिकरणलाई व्याख्यात्मक र वर्णनात्मक रूपमा विश्लेषण गरिएको छ । यस अध्ययनमा अनुसन्धानकर्ताले तथ्याङ्क सङ्कलनको लागि अध्ययन क्षेत्रमा देखिएका र प्राप्त गरेका अनुभवहरूलाई समेटेर व्याख्या र विश्लेषण गरिएको छ

। तथ्याङ्क विश्लेषणको क्रममाविभिन्न शीर्षक र उप-शीर्षकमा विभाजन गरि व्याख्या एवं विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**३.७ अध्ययनको सीमा**

कुनै पनि विषयमा अध्ययन तथा अनुसन्धान गर्दा आफ्नै सीमितता र दायरा भित्र रहेर अनुसन्धान कार्यलाइ अगाडी बढाउनुपर्ने हुन्छ । स्रोत साधनको अभाव, समयको उपलब्धता लगायतका कारणले सम्पुर्ण पक्षको अध्ययन गर्न सकिने अवस्था हुदैन । यस अध्ययन पनि उक्त सीमाना भित्र रहेर अनुसन्धान गरिएको छ । यो अध्ययन बाग्लुंङ नगरपालिका वडा न. ०७ गैरीगाउ कालीमाटीका विश्वकर्मा जातका समुदायमा केन्द्रित रहेको छ । यस अध्ययनको निष्कर्षले सिङ्गो नेपाली समाजको विश्वकर्मा जातको वर्ग निर्माण प्रक्रियामा खेल्ने भुमिकालाई प्रतितिनिधित्व गर्छ भन्ने छैन ।

## अध्याय चार

## अनुसन्धानक्षेत्रको परिचय

### ४.१परिचय

पश्चिम नेपालको गण्डकी प्रदेश अन्तर्गत बाग्लुङ जिल्ला कालीगण्डकी नदीको तटवर्ती क्षेत्रमाधौलागिरि हिमालको छायामा छ । बाग्लुङ नगरपालिकाको कूल जनसङ्ख्या ५७८३३ छ, जसमध्ये पुरुषकोसङ्ख्या २५५४८ र महिलाको ३२२७५ छ, लैङ्गिक अनुपात ७२ छ (२०६८ जनगणना) । पहिलोपटक २०५२ साल माघ १८ गते स्थानीय निर्वाचनबाट नगरको स्थापना भएसँगै २०७३ फाल्गुण २७ गतेको अन्य क्षेत्रको समायोजनसँगै १४ वटा वडामा विस्तारित नगरपालिका-७ कालिमाटी एक प्रमुख वडा रहेको छ । ३०१५ वर्गकिलोमिटरमा फैलिएको यस क्षेत्रमा ९४५ धरधुरी रहेकोमा कुल जनसङ्ख्याको १४९८ जना पुरुष र २१६३ जना महिला रहेका छन् । यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, मगर, दमाई, कामी, सार्की समुदायका जाति तथा जनजातिहरूको बसोबास रहेको छ । भिन्न खालका संस्कृति,परम्परा, रितिरिवाज अबलम्बन साथै बर्गिय रुपमा भिन्न आर्थिक हैसियत भएका मानिसहरूको बसोबास रहेको यस क्षेत्रको मुख्य उत्पादन धान, गहुँ, मकै, साथै अन्य नगदेबालीहरू पर्ने गर्दछ । अधिकांश मानिसहरू कृषि तथा  वैदेशिक रोजगारमा निर्भर रहेका छन् भने केही मात्रामा पेशा, व्यवसाय साथै सरकारी तथा निजी रोजगारीमा आबद्ध रहेकोमा अधिकांश दलित समुदायका मानिसहरू रोजगारको सिलसिलामा वैदिशिक रोजगारका निम्ति, भारत, मलेसिया, दुबई, कतार, युरोपलगायतकादेशमा गएका छन् ।

### ४.२ जनसङ्ख्या

बाग्लुङ नगरपालिका वडा न.७ कालिमाटीमा घरधुरी सङ्ख्या ९४५ रहेको छ भने ३६६१ कुल जनसङ्ख्या रहेको छ । यस क्षेत्रमा कुल जनसङ्ख्यामध्ये १४९८ पुरुष अर्थात् ४०.९१ प्रतिशत र महिला २१६३ अर्थात् ५९.०८ प्रतिशत महिला रहेको छ, जसमध्ये विश्वकर्मा समुदायको कुल जनसङ्ख्या २२३ रहेको छ जसमध्ये पुरुष १०९ जना अर्थात् ४८.८७ प्रतिशत र महिला ११४ जना अर्थात ५१.१२ प्रतिशत रहेका छन् । स्रोत बाग्लुंङ नगरपालिका । बाग्लुङ नगरपालिका वडा ७ मा बस्ने

अध्ययनका लागि छनोट गरिएका विश्वकर्मा समुदायको जनसङ्ख्यालाई निम्नअनुसार वर्गीकरण गरिएको छ ।

**तालिका नं. १**

**उमेरअनुसार विश्वकर्मा समुदायको जनसङ्ख्या विवरण**

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-५ वर्ष | २ | ४ | ६ | ४.४७ |
| ६-१५ वर्ष | १६ | १६ | ३२ | २३ |
| १६-६० वर्ष | ४६ | ४५ | ९१ | ६७.९१ |
| ६१ भन्दामाथि | ४ | १ | ५ | ३.७३ |
| जम्मा | ६८ | ६६ | १३४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

माथिको तथ्याङ्कअनुसार यस बाग्लुङ नगरपालिका वडा न. ०७ कालिमाटीमा बस्ने विश्वकर्मा समुदायको कुल जनसङ्ख्याको ०-५ वर्ष उमेर समुहका ६(४.४७) प्रतिशत र ६-१५ वर्ष उमेरसमूहका कुल जनसङ्ख्याको ३२(२३) प्रतिशत रहेको छ । त्यसैगरी १६-६० वर्ष उमेर समूहका कुल जनसङ्ख्याको ९१(६७.९१) प्रतिशत छ भने ६१ वर्षभन्दा माथिको उमेर समूहका मानिस कुलजनसङ्ख्याको ५(३.७३) प्रतिशत रहेको देखिन्छ । माथिको तालिकालाई विश्लेषण गर्दा कुल जनसङ्ख्यामध्ये सबैभन्दा बढी १६-६० उमेर समुहका ६७.९१ प्रतिशत र सबैभन्दा कम ६१ वर्ष उमेरभन्दा माथिका मात्र ३.७३ प्रतिशत रहेको पाइन्छ ।

## ४.३ घरको किसिम बनावट

मानव विकासको चरणलाई हेर्ने र बुझ्ने हो भने आजको युगसम्म आइपुग्दा मानिसले आफनो आवश्यकता परिपूर्ति गर्नका लागि विभिन्न प्रकारका नयाँ-नयाँ वस्तुको आविष्कार, विज्ञान र प्रविधिको युगसम्म आइपुगेका छौँ । मानिसले आफूलाइ प्रकृतिका अनेक झन्झट र घाम, पानी, हावाहुरी, जाडो-गर्मी, शीतलहर आदिबाट बच्नलाईसुरक्षित रूपमा बस्नका निम्ति भौतिक वस्तुहरूको प्रयोग गरी घरनिर्माण कार्य गर्दछ । आजको समयसम्म आइपुग्दा बजारीकरणको तीव्र गतिमा प्रभाव तथा असरले गाउँगाउँमा पनि आधुनिक घरनिर्माण हुँदै गएको देखिन्छ । बाग्लुङ नगरपालिका वडा नं.७ का विश्वकर्मा समुदायका जातिले पनि विभिन्न प्रकारका घर निर्माण गरी बसेको पाइन्छ । अध्ययनको क्रममा कुल २५ घरधुरीमा आधारित रहेर अध्ययन गर्ने क्रममा अधिकांश घरहरू ढुङ्गा र माटो प्रयोग गरी निर्माण गरिएको छ । सो अध्ययनमा विश्वकर्मा समुदायका घरलाई निम्नानुसार वर्गीकरण गरी छुटयाइएको छः

**तालिका नं. २**

**उत्तरदाता परिवारको घरको किसिम**

| क.स | घरको किसिम | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खरको छानाले बनेको घर | ७ | २८ |
| २ | ढुङ्गाको छानाले बनेको घर | ९ | ३६ |
| ३ | टिनको छानाले बनेको घर | ८ | ३२ |
| ४ | पक्की सिमेन्ट, ढलान घर | १ | ४ |
| | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विश्वकर्मा समुदायका २५ घरपरिवारमध्ये ७(२८) प्रतिशत परिवारको खरको छानाले निर्मित घर छ भने ढुङ्गाको छानोले बनेको घर सङ्ख्या ९(३६) प्रतिशत देखिन्छ । त्यस्तै कुल घर सङ्ख्यामध्ये टिनको छानोले बनेको घर ८(३२) प्रतिशत छ भने पक्की सिमेन्ट ढलान घर १(४) प्रतिशत रहेको पाइन्छ । यस तथ्याङ्कको आधारमा कुल घर सङ्ख्यामध्ये सबैभन्दा धेरै घर

ढुङ्गाको छानाले बनेको ३६ प्रतिशत रहेको छ भने सबैभन्दा कम पक्की सिमेन्ट ढलान घर (४) प्रतिशत रहेको छ ।

## ४.४ भाषा, धर्म र पर्व

बाग्लुङजिल्लाबाग्लुङनगरपालिका वडा नं. ७ कालीमाटीमा बसोबास गर्ने ब्राह्मण, क्षेत्री, कामी, सार्की लगायतका जाति तथा जनजातिहरूले मुलतः नेपाली भाषा बोल्दछन् । अधिकांश समुदायले हिन्दु धर्म नै मान्ने गर्दछन् । त्यसैगरी विश्वकर्मा समुदायले पनि हिन्दु धर्म मान्दै आएको पाइन्छ । विश्वकर्मा समुदायले अपनाउने चाड, पर्व, भेषभूषा तथा संस्कृतिहरू हिन्दु धर्ममा आधारित रहेको पाइन्छ । मुख्य चाडपर्वको रूपमा दशैँ, तिहार (भाइटीका), शिवरात्रि, साउने संक्रान्ति इत्यादिमनाउने गर्दछन् ।

## ४.५ शैक्षिक अवस्था

शिक्षा मानिसका लागि एक आधारभूत अनिवार्य आवश्यकता हो । मानिसलाई फरक तरिकाले सोच्ने, नयाँ कुरा सिर्जना गर्ने, व्यक्तिगत क्षमताको अभिवृद्धि गर्ने, आत्मनिर्भर हुन सिकाउने माध्यम हो शिक्षा । कुनै पनि समाजको राजनैतिक, आर्थिक, सामजिक अवस्था, सामाजिक परिवेश कस्तो छ भन्ने कुरा समाजका व्यक्तिहरूको शैक्षिक अवस्थाले निर्धारण गर्दछ । तर नेपालको शैक्षिक इतिहासलाई हेर्दा दलित समुदायले विद्यालय गएर औपचारिक शिक्षा प्रात गरेको लामो इतिहास भने छैन । अझै पनि नेपालको शैक्षिक अवस्थालाई हेर्ने हो भने दलित साक्षरतादर निकै न्यून रहेको पाइन्छ । कुनै पनि समाज देश राष्ट्रलाई समुन्नत बनाउनको लागिपहिलो प्राथमिकताको रूपमा शिक्षामा लगानी चाहिन्छ ।

अध्ययन क्षेत्र नेपालका पहिलो दलित आन्दोलनका अगुवा भगत सर्वजितका लागि पनि चर्चित छ, जो दलितहरूले पनि संस्कृत, वेद र औपचारिक शिक्षा पढ्न पाउनुपर्छ भनी आन्दोलनमा लागेको इतिहास छ । नेपाल हिन्दु धर्ममा आधारित एकात्मक राज्य सत्ताले शुद्रहरुले पढे पाप लाग्ने, केवल उच्च जातको सेवाको काममा मात्र लाग्नुपर्ने १९१० को मुलुकी ऐन निर्माणले दलित समुदायलाई शदियौंदेखि थिचोमिचोमा पार्दै आयो । अध्ययन क्षेत्रका विश्वकर्मा समुदायको शैक्षिक अवस्थालाई तालिकामार्फत प्रस्तुत गर्न खोजिएको छ ।

**तालिका नं.३**

**उत्तरदाताको परिवारको शैक्षिक अवस्था**

| क.स | शैक्षिक योग्यता | महिला | पुरुष | जम्मा | प्रतिशत % |
|---|---|---|---|---|---|
| १ | (०-५) कक्षा सम्म | ११ | १६ | २७ | २०.१४ |
| २ | (६-१०) कक्षा सम्म | ३२ | ३० | ६२ | ४६.२६ |
| ३ | (११-१२) कक्षा सम्म | ७ | ९ | १६ | ११.९४ |
| ४ | स्नातकभन्दा माथि | २ | ० | २ | १ .४९ |
| ५ | निरक्षर | १४ | १३ | २७ | २०.१४ |
| | जम्मा | ६६ | ६८ | १३४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

माथिको तालिकामा स्थलगत सर्वेक्षणलाई आधार मान्ने हो भने विश्वकर्मा समुदायको पारिवारिक शैक्षिक स्थितिलाई हेर्दा कक्षा १ देखी ५ सम्म अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या २७ ( २०.१४) प्रतिशत रहेको छ । कक्षा ६ देखी १० सम्म अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ६२ (४६.२६) प्रतिशत छ । ११ र १२ मा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या १६ (११.९४) प्रतिशत छ । स्नातक तहभन्दा माथि अध्ययन गर्ने सङ्ख्या मात्र २ (१.९४) रहेको मा निरक्षरको सङ्ख्या २७ (२०.१४) रहेको पाइन्छ । यस तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ६ देखि १० सम्म ४६.२६ प्रतिशत अध्ययन गर्ने विद्यार्थी र सबैभन्दा कम स्नातक तहभन्दा माथि१.४९ प्रतिशत जसमा महिला मात्र देखिन्छ । यसले के देखाउँछ भने उच्च शिक्षा प्राप्त गर्न विश्वकर्मा समुदायका मानिसका लागि आर्थिक अवस्था कमजोर छ ।

## ४.६ आर्थिक अवस्था

कुनै पनि समुदायको आर्थिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्नका लागित्यस समुदायका मानिसहरूले आर्जन गरेको सम्पत्ति, सम्पत्तिका स्रोतहरू तथा पेशा व्यवसायहरूको बारेमा अध्ययन गर्नुपर्दछ । यस अध्ययनमा बाग्लुङ नगरपालिका वडा नं. ७ कालिमाटी गैरीगाउँका विश्वकर्मा समुदायका मानिसहरूको आर्थिक अवस्थाको बारेमा अध्ययन गर्ने क्रममा उनीहरूले विगतमा अपनाएका परम्परागत पेशा, व्यवसाय, खेती भूमिमाथिको स्वामित्व र अन्य विविध विषयहरूमा अध्ययन गरिएको छ ।

**४.७पेशा**

बाग्लुङ कालीमाटी-७ का विश्वकर्मा समुदायहरू अधिकांश महिलाहरू कृषि र पुरुषहरू परम्परागत पेशा आरन फलामको काम र नयाँ पुस्ताहरू वैदेशिक रोजगारमा संलग्न रहेको पाइन्छ । इतिहासदेखिनै दलनमा पारिएको विश्वकर्मा समुदायले औपचारिक शिक्षा, पेशा, व्यवसायमा संलग्न हुने कुरै रहेन । मुख्यरूपमा कृषि पेशा भएपनि भूमिको अभावले पूर्णरुपमा कृषि पेशामै आफ्नो परिवारको गुजारा चलाउन कठिन रहेको पाइन्छ । यो अवस्थामा विश्वकर्मा समुदायले सस्तो मूल्यमा श्रम बेच्नुपर्ने, अरूको जग्गामा खेती गर्नुपर्ने र आधा उत्पादन (अधियाँ) भूमि मालिकलाई दिनुपर्ने अवस्था छ । भूमिको असमान वितरण, जात व्यवस्थाको स्वरूपअनुरूप सबैभन्दा पिँधमा, राज्य र प्रशासनिक निकायका अङ्गहरूमा शून्य सहभागिताजस्ता कारणहरूले गर्दा विश्वकर्मा समुदाय केवल अन्य समुदायको सेवामा संलग्न हुनुपर्ने, बालीघरे प्रथामा आधारित रहेर फलामको कार्य गर्नुपर्ने स्थिति रह्यो ।

**तालिका नं.४**

**विश्वकर्मा समुदायका उत्तरदाताहरू संलग्न हुने पेशागत क्षेत्र**

| क्र.स | पेशागत विवरण | सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | कृषि | १६ | ६४ |
| २ | परम्परागत आरन | ७ | २८ |
| ३ | वैदेशिक रोजगार | १ | ४ |
| ४ | शिक्षक | १ | २ |
| | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

उपरोक्त तालिकालाई हेर्दा सबैभन्दा धेरै जनसङ्ख्या कृषि पेशामा १६(६४) प्रतिशत सहभागी छन् । परम्परागत आरन (फलामको काम) गर्ने सङ्ख्या७(२८) प्रतिशत रहेको छ । वैदेशिक रोजगार १ (४) प्रतिशत र शिक्षकमा १(४) प्रतिशत सहभागिता छ । बढी सङ्ख्याकृषिमा सहभागिता छ । बालीघरे प्रथा छ, परम्परागत आरन (फलामको काम) गर्नुपर्ने बाध्यता अहिले पनि रहेको पाउन सकिन्छ ।

### ४.८ पशुपालन

पशुपालन कृषिसँग सम्बन्धित पेशा हो । खेती गर्नका निम्ति आवश्यक पर्ने मलजलका साथै दुध, दही र घिउको निम्ति पशुपालन गर्ने गरेको पाइन्छ । विश्वकर्मा समुदायका मानिसको पशुपालन व्यावसायिक रूपमा नभएर गुजारामुखी छ । २५ उत्तरदाता घरधुरीमध्ये १७ परिवारले भैंसी, गाई, गोरू, बाखा, कुखुरापालन गरेका छन् । ५ परिवारले बाखा र कुखुरा मात्र पाल्ने गरेको देखिन्छ । कुल उत्तरदातामध्ये ४ परिवारले भने कुनै पनि जनावार तथा पशुपक्षीहरू पालेको पाइँदैन । उत्तरदाताहरूमध्ये सबैभन्दा धेरै सङ्ख्यामा पशुपालन गरेका परिवारको भनाइअनुसार पशुपालनबिक्रीबाट केही मात्रामा आर्थिक रूपमा लाभ लिन सकेपनि जात व्यवस्थाको कारणदुध, दही र घ्यूजस्ता पदार्थहरूको बिक्री सहज नहुने बताउँछन् । विश्वकर्मा समुदायले उत्पादन गरेको दुग्धजन्यपदार्थ जातकै आधारमा सहकारीले लिन नमान्दा व्यवसायिक दलित किसान र अन्य सामान्य किसानहरू आर्थिक लाभ गर्ने अवसरबाट वञ्चित हुनुपरेको र दलित परिवारको आर्थिक स्थितिमानकारात्मक प्रभाव पारेको बताउँछन्, (बाग्लुङमा दलित समुदायले उत्पादन गरेको दुध

सहकारीले नै किन्दैनन् : बडिगाड अनलाइन १२ असौज २०७८) । यसले के देखाउँछ भने विश्वकर्मा समुदायको आर्थिक पक्षमा नकारात्मक प्रभावसाथै समाजमा अझै पनि जातीय छुवाछूत र वहिष्करण कानुनी रूपमाअन्त्य भएपनि व्यवहारिक रूपमा ज्यूँ-का-त्यूँ रहेको प्रष्ट हुन्छ ।

### ४.९ परिवारको स्वामित्वमा रहेको कृषिबाट हुने आम्दानी

विश्वकर्मा समुदायका अधिकांश मानिसहरूले कृषि पेशा अपनाएका छन् । पुरुषहरू (आरन) फलामको कार्यमा संलग्न छन् । तर उनीहरूसँग भूमिको अभावमा खेतीबाट उत्पादन हुने वस्तुले मात्र गुजारा चलाउन मुस्किल छ । जीवन गुजाराका निम्ति फलामका कार्य गर्ने सहकारीमार्फत फलाम, तामा लगायतका धातुका वस्तु निर्माण गरी बिक्री गर्ने गरेको पाइन्छ ।

**तालिका नं. ५**

**कृषिबाट हुने आम्दानी विवरण**

| क.स | विवरण | सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | २ महिना मात्र खान पुग्ने | १२ | ४८ |
| २ | ४ महिना मात्र खान पुग्ने | १० | ४० |
| ३ | ६ महिना मात्र खान पुग्ने | ३ | १२ |
| ४ | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

माथिको तालिका अनुसार कृषिबाट उत्पादन भएको वस्तुबाट २ महिनासम्म मात्र खान पुग्ने परिवार सङ्ख्या १२(४८) प्रतिशत रहेको छ । ४ महिनामात्र खान पुग्ने परिवार सङ्ख्या १०(४०) प्रतिशत रहेको छ । ६ महिनामात्र खान पुग्ने परिवार सङ्ख्या ३(१२) प्रतिशत छ । यस तथ्याङ्कलाई आधार मान्ने हो भने ४८ प्रतिशत परिवार २ महिनाबाहेक अरू बाँकी १० महिनाको लागि जीविकोपार्जनका निम्ति अन्य कार्यहरू गर्न बाध्य हुन्छन्, जसको कारण उनीहरूको पर्याप्त मात्रामा भूमिमाथि पहुँचनहुनु हो । केबल १२ प्रतिशत परिवारसँग मात्र ६ महिनासम्म जीवन गुजारा गर्न पुग्ने जमिन छ, सालभरिखान पुग्नेगरी आम्दानी हुने परिवार शून्य रहेको छ ।

### ४.१०वित्तीय संस्थाहरू

बाग्लुङ नगरपालिका वडा नं. ७ काविश्वकर्मा समुदायका मानिसहरूले बैङ्क तथा सहकारीहरूबाट लाभ लिन सकेको पाइँदैन । आर्थिक रूपमा कमजोर भएका समुदायले एकाधरूपमा मासिक ५०, १०० का दरले सहकारी संस्थामा पैसा जम्मा गर्ने गरेको बताउँछन् । तर सहकारी ऋण प्राप्त गर्नेका लागि समुदायको रोहवरमा थोरैमात्रामा ऋण प्राप्त हुने गर्दछ, तरपनि सबै परिवारहरू आर्थिक अभावकै कारण त्यसमा जोडिन सकेको अवस्था नभएको पाइयो । तर बैङ्कक्षेत्रमा पछिल्लोसमय युवाहरूको विदेश पलायनले गर्दा बैङ्कमा सहभागिता रहेको त पाइन्छ तर त्यसबाट प्रत्यक्ष लाभ लिन सकेको पाइँदैन । बैङ्कबाट ऋण प्राप्तिको लागिबैङ्कमा धितो स्वरूपमा जग्गा, जमिन राख्नुपर्ने कारणले ऋण प्राप्त गर्न नसकेको अवस्था छ । त्यसैले विश्वकर्मा समुदायको वित्तीय बैङ्क तथा सहकारीहरूमा सक्रिय सहभागिता र यसबाट लाभ लिन नसकिरहेको अवस्था छ ।


## अध्याय पाँच

### विश्वकर्मा समुदायको वर्गनिर्माणप्रक्रियाका आयामहरु

## ५.१. मुलुकी ऐन १९१० को प्रभाव

मुलुकी ऐन १८५४ ले नेपाली समाजमा जातको तहगत विभाजनलाई निम्न प्रकारमा वर्गीकरण गरेको छ १. तागाधारी २. नमासिन्या मतवाली ३. मासिन्या मतवाली ४. पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने ५. पानी नचल्ने छोईछिटो हाल्नु पर्ने, (होफर २००४)।

**The Nepal Caste Pyramid According to the Muluki ain of 1854**




नेपालमा राज्य पक्षबाट दलितहरूलाई समाजको तहगत विभाजनको तल्लो तहमा राखेर उनीहरूलाई स्रोतमाथिको अधिकार र शक्तिको पहुँचबाट बञ्चित गराउने काम नेपालका प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणपछि राज्य व्यवस्था सञ्चालनको लागि वैधानिक रूपमा लागू गरिएको *मुलुकी ऐन* १९१० निर्माणपछि जात व्यवस्थाले आजको नेपाली समाजमा पनि धेरथोर महत्वपूर्ण भूमिका खेलेको छ ।नेपाली समाजको राज्यसंरचना लगायतका विभिन्न संरचनाहरूमाथिको

लाभ पहुँच अवसर र वञ्चितीकरणको निर्धारण जात,रजन्मको आधारमा हुने गर्दछ । हरेक व्यक्तिलेसंरचनात्मक लाभांश प्राप्त गर्ने सक्दैनन् ।हिन्दु वर्णव्यवस्थाले उच्च जातमा जन्मने मानिस स्वतः सबैभन्दा माथि हुने र कोही स्वतः पिँधमा हुने सामाजिक विभेद कायम राख्दै आयो ।

हिन्दु वर्णव्यवस्थाले जातका माध्यमबाट कुनै समूहको आय र जीविकाको स्रोत, सामाजिक र उत्पादनका साधनमा पहुँच र नियन्त्रण तथा उत्पादनका सम्बन्धहरूको स्वरूपमा अवश्य पनि प्रभाव पार्‍यो। भूमिपति, जमिनदार,सुदखोर, महाजन सबै उच्च जातका हुनु काकताली होइन, त्यो जातमा आधारित सामाजिक श्रम विभाजनको एउटा निश्चित उपज थियो । त्यस्तै सीमान्त किसान, भुमिहिन र ठुला भुमिपतिकहाँश्रम र सीप बेच्ने 'तल्लो जात'का दलितहरू समाजको सबैभन्दा तल्लो र विपन्न वर्गमा परेको यथार्थ छ । तर सबै उच्चजातका माथिल्लो वर्गमा हुन्छन् भन्ने होइन उनीहरूका निम्ति सापेक्षरूपमा माथिल्लो वर्गमा जानका निम्ति ढोका फराकिलो र सहज थियो । तर २०१९ सालमा राजा महेन्द्रले कानुनी रुपमा छुवाछुतको अन्त्य गरेका भएपनि २०७२ सालको सविधाननिर्माणसम्म आइपुग्दा पनि समाजमा विभाजन र विभेद कायमै छ ।

## ५.२ शिक्षा

शिक्षा मानिसको आधारभूत आवश्यकतासँगै जोडिएको विषय हो । शिक्षा मानिसको चेतनासँगै जोडिएको हुन्छ, त्यसले व्यक्तिगत क्षमता अभिवृद्धि, लक्ष्य प्राप्तिका निम्ति सहजता प्रदान गर्दछ । तर नेपाली समाजको शिक्षाको इतिहासलाई हेर्ने हो भने जातकै कारण दलित समुदायले शिक्षा प्राप्तिमा लामो समय सम्म वहिष्करणमा पर्नुपरेको बताउँछन् । नेपालमा औपचारिक शिक्षाको सुरुवात करिब डेढसय वर्षअगाडी दरबार हाइस्कुलबाट सुरुवात भएको कुरालाई छोड्ने हो भने समुदाय तहमा स्कुल पुगेको लामो इतिहास छैन । देशमा पहिलो प्रजातन्त्र (१९५१) स्थापनपछि पनि स्कुले शिक्षामा दरबार, घरानियाँहरूकै चकचकी रह्यो (विष्ट, १९९१, १२२) । हाम्रो देशमा शिक्षाको विकास घरानियाँहरूले नै गरेका थिए । त्यसका पछाडीको मुख्य कारण सरकारी सेवा प्रवेशमा अनिवार्य स्कुले शिक्षा । नेपालमा स्कुले शिक्षाको सुरुवाती चरणमा दरबारीया परिवार र दरबार नजिकका मानिसले मात्र प्राप्त गर्ने हुँदा देशका अरू पिछडिएका र दलित समुदायका लागिस्कुले शिक्षामा सहभागिता हुने कुरै रहेन, जसले गर्दा नेपालमा दलितलगायत पिछडिएका समुयदायका लागिशिक्षामा समान अवसर प्राप्त हुन नसक्नुले सरकारी सेवा सुविधा, अधिकार र साधन स्रोतमाथिको पहुँचबाट अलग हुनपुगे (पराजुली, २००२) ।

**तालिका नं. ६**

**उत्तरदाताको शैक्षिक अवस्था**

| क्र.स | विवरण | सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | निरक्षर | ६ | २४ |
| २ | साक्षर | १ | ४ |
| ३ | (१-५) कक्षा सम्म | ५ | २० |
| ४ | (६-१२) कक्षा सम्म | १२ | ४८ |
| ५ | १२ भन्दा माथि | १ | ४ |
| | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

माथिको तालिकाअनसार, निरक्षर सङ्ख्या ६ (२४) प्रतिशत छ ।साक्षरको सङ्ख्या १ (४) प्रतिशत रहेको छ ।कक्षा १ देखि ५ सम्म अध्ययन गरेका उत्तरदाताको सङ्ख्या ५ (२०) प्रतिशत रहेको छ । त्यस्तै ६ देखि १२ सम्म अध्ययन गरेका सङ्ख्या १२ (४८) प्रतिशत छ । १२ भन्दा माथिअध्ययन गर्ने सङ्ख्या मात्र १ (४) प्रतिशत रहेको छ । जसमा यस तथ्याङ्कलाई हेर्दा ६ देखि १२ सम्म अध्ययन गर्नेको सङ्ख्या उल्लेखनीय रूपमा सबैभन्दा बढी छ, तर १२ भन्दा माथि अध्ययन गर्ने मात्र १ (४) प्रतिशत छ ।दलित समुदाय नेपाली समाजको वर्गीय र जातीय रूपमा सबैभन्दा पिँधमा रहेको हुनाले आर्थिक रुपमा कमजोर भएको हुनाले उच्च शिक्षा प्राप्त बाट वञ्चित हुनुपरेको छ । वर्तमान तथ्याङ्कलाई हेर्ने हो भनेपनि दलितको उच्च शिक्षामा कमजोर उपस्थिति रहेको पाइन्छ ।

## ५.३ सामांजिक चेतना र राजनीतिमा उपस्थिति

कुनै पनि समुदायको हकहित, आत्मनिर्णय अधिकारको लडाइँका निम्ति राजनैतिक नेतृत्वले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राज्यसंयन्त्रका अङ्गहरूमा कुनै समुदायको उपस्थिति हुन नसकेको

खण्डमा त्यस समुदायले पूर्ण अधिकारहरू प्राप्त गर्न नसक्ने हुनसक्छ। नेपालको राजनैतिक इतिहासको लामो कालखण्डमा विगतदेखिवर्तमानसम्म नै दलित समुदायको राजनीतिमा उपस्थिति साह्रै न्यून छ। दलित समुदायका मानिसहरूको उपस्थितिलाई हेर्ने हो भने स्थानीय तहको सरकारमा सदस्य र प्रदेश तथा संघीय सरकारमा केवल समानुपातिक प्रतिनिधित्व मात्र रहेको छ। मुख्यरूपमा सरकारको माथिल्लो ओहदामा रहेर राज्य सञ्चालनका निम्ति नीति निर्माण गर्ने तहमा दलित समुदायहरूको हस्तक्षेपकारी भूमिका अझै पनि हुन नसकेको अवस्था छ। नेपाली समाजमा जुन जात-वर्गका मानिस सम्पत्ति र शक्तिका मालिक छन्, उनीहरू नै राजनीतिक र अन्य क्षेत्रमा पनि सत्तासीन छन्। पछिल्लो समयमा आएका राजनीतिक परिवर्तनपछि पनि शक्ति संरचनामा र राजनैतिक नेतृत्वमा खासै परिवर्तन र फेरबदल आएको देखिँदैन जहाँ एउटै वर्ण र जातका मानिसहरूको हावी अहिले पनि उस्तै छ।

विश्वकर्मा समुदायका मानिसहरू लामो समयसम्म नेपाली समाजमायथास्थितिमा रहेको हिन्दु वर्णव्यवस्थाभित्रको जात व्यवस्थाले विभेद र वहिष्करण गर्दै आयो। शिक्षा र चेतनाको अभावले लामो समयदेखि हेपिएका, थिचिएका, दमन र उत्पीडनमा परेका विश्वकर्मा समुदायका मानिसहरू अन्य समुदायको तुलनामा समाजको पिँधमा रहेका छन्। समाजमा धार्मिक, सांस्कृतिक, सामाजिक तथा सार्वजनिक क्षेत्रहरूमा हुने विभेद अझै पनि उस्तै छ  अध्ययन क्षेत्रका विश्वकर्मा समुदायका पहिलो व्यक्ति जो जातीय छुवाछूत विरुद्ध सङ्घर्ष गर्ने नेपालको पहिलो सङ्गठन 'विश्व सर्वजन सङ्घ २००३' का संस्थापक आन्दोलनका मुख्य नेतृत्वकर्ता भगत सर्वजित हुन्। भगत सर्वजितजातीय रूपमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य हुनुपर्ने र दलित समुदायले पनि शिक्षा प्राप्त गर्न पाउनुपर्ने लगायतका मागहरू राखी सङ्गठित रूपमा आन्दोलन गर्ने व्यक्ति हुन्। सर्वजितअहिले मूलधारका राजनैतिक दल, सङ्घ-संस्थाहरूमा केवल भोटबैङ्क मात्र भएका छन्। यस क्षेत्रका विश्वकर्मा समुदायको राजनैतिक सङ्घ-संस्थाहरूमा उपस्थिति शून्यजस्तै छ। सामाजिकरूपमा सचेत हुन, राजनैतिक रूपमा संगठित हुनका निम्ति मानिस शिक्षित हुनु अनिवार्य रहेको हुन्छ।

**तालिका नं. ७**

**मुख्य राजनैतिक पार्टीको प्रतिनिधिसभा र प्रदेश सभामा उम्मदवारी सङ्ख्या र दलित उम्मेदवारी**

| क्र.स | मुख्य | प्रतिनिधिसभाउम्मदवारी | दलितउम्मेदवारी | प्रदेशसभाउम्मेदवारी | दलितउम्मेदवारी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | राजनितिक दल | | | | |
| १ | नेकपा एमाले | १४१ | १ | २८५ | ४ |
| २ | नेपाली काङ्ग्रेस | ९१ | ० | १७९ | ० |
| ३ | माओवादी केन्द्र | ४७ | २ | ११२ | ५ |
| ४ | एकीकृत समाजवादी | २१ | ० | ६६ | ० |
| ५ | जनता समाजवादी | ७९ | ३ | १४० | ६ |
| ६ | लोकतान्त्रिक समाजवादी | ५१ | ५ | ७७ | ३ |

स्रोतः कान्तिपुर २०७९ कार्तिक २४

माथिको तथ्याङ्कको आधारलाई हेर्दा सबैभन्दा धेरै उम्मेदवारी सङ्ख्या भएको नेकपा एमालेको प्रतिनिधि र प्रदेश सभामा क्रमशः १४१, २८५ मध्ये दलितको उम्मेदवारी १ र ४ मात्र छ । त्यस्तै नपाली काग्रेसमा प्रतिनिधि र प्रदेश सभामा कुल ९१, १७९ मध्ये दलितको उम्मेदवारी दुवै सभामा शून्य छ । माओवादी केन्द्रमा प्रतिनिधि र प्रदेश सभामा उम्मेदवारी सङ्ख्या क्रमशः ४७, ११२ मध्ये दलितको उम्मेदवारी मात्र २ र ५ रहेको छ । एकीकृत समाजवादी पार्टीमा पनि प्रतिनिधि र प्रदेश सभामा क्रमशः २१, ६६ मध्य दलित उम्मेदवारी शून्य छ । जनता समाजवादी पार्टीमा प्रतिनिधि र प्रदेश सभामा क्रमशः ७९, १४० मध्ये ३ र ६ मात्र दलित समुदायका मानिसको उम्मेदवारी रहेको छ भने लोकतान्त्रिक समाजवादीमा पनि क्रमशः ५१, ७७ मध्य दलितको उम्मेदवारी ५ र ३ छ ।

नेपालमा दलित समुदायको जनसङ्ख्या करिब ४० लाख हाराहारी छ, तर उनीहरूको राजनैतिक उपस्थिति भने निकै नै दयनीय पाइन्छ । हालको २०७९ को चुनावी मतपरिणामलाई हेर्ने हो

भनेप्रतिनिधिसभामा कुल २७५ सिट सङ्ख्यामध्ये दलितको प्रत्यक्षतर्फ १ जना र समानुपातिकमा १५ जना गरी जम्मा १६ जनामात्र दलित समुदायका प्रतिनिधिको उपस्थिति छ । १६ जना मात्र प्रतिनिधिसभामा विजयी हुँदा के-कति मुद्दाहरुलाई सम्बोधन गर्न सक्ने स्थिति बन्न सक्ला ? समाजशास्त्री चैतन्य मिश्र २०६७ ले भनेजस्तै दलित समुदायको समस्या सांस्कृतिक समस्या मात्र नभएर धेरै सामाजिक समस्याभित्रका राजनैतिक र आर्थिक क्षेत्रमा पनि यसले ठाउँ ओगटेको छ । नेपालमा रहेका विभिन्न मुलधारका राजनैतिक दलभित्रका मुख्य नेतृत्वकर्ता उच्च जात समुदायका मात्रै हुनुले पनि स्पष्ट हुन्छ । हालै सम्पन्न भएको नेपालको सात प्रादेशिक तहको सरकार गठनमा कुनै पनि प्रदेशमा दलित, मुस्लिम, महिला, जनजाती समुदायका मानिसको प्रदेश मुख्य-मन्त्रीमा सहभागिता छैन ।राजनैतिक दल र मुख्य नेतृत्वमा एकल जाति र नश्लका मानिसहरूको वर्चश्वयसले झल्काइरहेको छ ।

**तालिका नं. ८**

**उत्तरदाता परिवारका राजनैतिक दलमा सहभागिता**

| क.स | विवरण | घर सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | सहभागिता छ | १ | ४ |
| २ | सहभागिता छैन | २४ | ९६ |
| | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

अध्ययन क्षेत्रका विश्वकर्मा समुदायका कुल परिवार सङ्ख्याको सबैभन्दा धेरै ९६ प्रतिशतको कुनै पनि राजनीतिक दलमा सहभागिता नभएको माथि प्रस्तुत गरिएको तथ्याङ्कले बताउँछ । कुल जनसङ्ख्याको ४ प्रतिशतको सङ्ख्या मात्र राजनीतिक दलमा सहभागिता छ । विश्वकर्मा समुदायहरूको राजनीतिमा दयनीय सहभागिताहुनुमा शिक्षा, चेतना, अवसर, सामाजिक अन्तर्घुलन, वहिष्करण, आर्थिक अवस्थालगायतका थुप्रै कारणहरू हुन सक्दछन् ।

### ५.४जात व्यवस्था भित्रको श्रमको विभाजनले आर्थिक अवस्थामा पारेको प्रभाव

हिन्दु वर्णव्यवस्थाभित्रको जातमा आधारित श्रम विभाजनले ब्राह्मण जातिलाई ज्ञान र शिक्षा, क्षेत्रीय जातिलाई देशकोसुरक्षा तथाशासन सञ्चालन, वैश्य जातिलाई आर्थिक उन्नति र पशुपालन

खेती तथा व्यापार र शुद्र जातिलाई श्रम र शिल्पकारी तथा उच्च जातका मानिसको सेवाको कार्य गर्ने नियम लागू गर्‍यो। श्रमजीवी वर्गलाई ज्ञान र राजकीय एवं सामाजिक अधिकारबाट वञ्चित गर्नुका साथै तत्कालीन शासकहरूले आफ्नो शासन व्यवस्थालाई व्यवस्थित गर्न लागू गरिएको श्रम विभाजन विस्तारै वर्गीय समाजमा विकसित भयो (अम्बेडकर, १९८९) ।

जन्मको आधारमा पूर्वनिर्धारित पेशा अवलम्वन गर्नुपर्ने बाध्यात्मक परिस्थितिलेशुद्र समुदायलाई शिक्षा प्राप्त, ज्ञान आर्जन, राज्य सञ्चालन र व्यापारमा सयौं वर्षसम्म बन्देज र वहिष्करणमा पार्‍यो । यसले गर्दा श्रमजीवी दलित समुदाय आफूले रोजेको पेशा व्यवसाय, तथा शिक्षा प्राप्त गर्न नपाउँदा लामो समयसम्म आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक रूपमा वहिष्करण र समाजको सबैभन्दा पिँधको समुदायको रूपमा जिउनुपरेको छ । दलित समुदायले गर्ने भिन्न खालका फलाम, धातु, छाला, कपडा र कृषि सेवाका कामहरू ज्यालामा आधारित नभई केवल बालीघरे प्रथामा छन्, जसले गर्दा उनीहरू सधैँभरि शोषित हुन बाध्य छन् ।

मुख्यतः बालीघरे प्रथामा आधारित श्रमको विभाजनले दलित सुमदायले उच्च जातका मानिसको वर्षभरी गरेका सेवाका कामबापत उनीहरूले उत्पादन गरेको खेतीपातीको केही भाग खाद्यवस्तुहरू प्राप्त गर्ने गर्दथे । त्यसले उनीहरूलाई न सहज रूपमा जीविकोपार्जन नै हुन्थ्यो, न उनीहरूसँग वर्षभरि खान पुग्ने गरी काम गर्नका निम्ति आफ्नै जमिन नै थियो ।

समाजशास्त्री मिश्रले नेपालमा श्रमको प्रकृतिलाई व्याख्या गर्ने क्रममा आश्रितप्रकारको श्रमलाई सामन्तवादको द्योतकको रुपमा लिएका छन् भने ज्यालादारी श्रमलाई पुँजीवादको रूपमा । नेपालमा सामन्तवादको अन्त्य भइसकेपनिकमैया, अर्धदास, हलियाप्रथालगायत धेरै सङ्ख्यामा अछूत समुदाय भूमिहीन रहेको हुँदा बालीघरे प्रथामा आधारित आश्रित श्रम व्यवस्थामा आधारित छन् (मिश्र २०६७) ।

बाग्लुङ नगरपालीका ७ कालीमाटीका विश्वकर्मा समुदायका मानिसहरू विगतमा आफ्नो जीवन गुजारा तथा परिवार सञ्चालनका निम्ति लामो समयसम्म परम्परागत पेशा र कृषिमा निर्भर हुने गरेको बताउछँन् । समाज परिवर्तनलील छ, पुराना सामाजिक संरचनाहरू भत्किँदै जान्छन्, नयाँ समाज र सामाजिक व्यवस्था निर्माण हुँदै जाँदा नेपाली समाजमा स्थापित रहेको जात व्यवस्था पनि कमजोर हुदै गएको पाइन्छ । जातगत आधारमा दलित समुदायलाई पेशा छान्न पाउने अधिकारको बन्देज अहिलेको परिस्थितिमा खुला प्रकारको रहेको छ ।

**तालिका नं. ९**

**उत्तरदाताहरू संलग्न हुने पेशागत क्षेत्र**

| क्र.स | पेशागत विवरण | सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | कृषि | १६ | ६४ |
| २ | परम्परागत आरन | ७ | २८ |
| ३ | वैदेशिक रोजगार | १ | ४ |
| ४ | शिक्षक | १ | ४ |
| | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७९

उपरोक्त तालिकालाई हेर्दा, सबैभन्दा धेरै जनसङ्ख्या कृषि पेशामा १६(६४) प्रतिशत सहभागी छन् । परम्परागत आरन (फलामको काम) गर्ने सङ्ख्या ७ (२८) प्रतिशत रहेको छ । वैदिशिक रोजगार १ (४) प्रतिशत र शिक्षकमा १(४) प्रतिशत सहभागिता छ । यस तथ्याङ्कलाई आधार मान्ने हो भने जोसँग भूमिको अभाव छ, तिनलाई कृषि र बालीघरे प्रथाअन्तर्गत परम्परागत आरन (फलामको काम) गर्नुपर्ने बाध्यता अहिले पनि रहेकोछ ।

## ५.५भूमिमाथिको स्वामित्व र पहुँच

कृषिप्रधान देश नेपालमा भूमि वितरण प्रणाली असमान प्रकारको रहेको छ । २०१८ सालको पञ्चायती व्यवस्था लागू भएपश्चात् भूमिको न्यायोचित वितरण, उत्पादनमा वृद्धि, किसानको जीवनस्तर सुधारजस्ता उद्देश्य राखी भूमिसूधार ऐन २०२१ ल्याएपनि आम किसान र दलितहरूलाई खासै प्रभाव पारेन र उनीहरूको जीवनस्तरमा खासै परिवर्तन ल्याउने स्थिति पनि बनेको पाइँदैन ( आत्मनिर्भर विकास मञ्च २०६०) । नेपालको कुल जनसङ्ख्याको १३ प्रतिशत दलितको जनसङ्ख्या रहेकोमा उनीहरूसँग जम्मा १ प्रतिशत कृषियोग्य जमिनको हिस्सा रहेको छ (नेपाल सरकार, २०६८) । नपालमा २४.४ प्रतिशत परिवार भूमिहीन रहेकोमा भूमिहीनमध्ये पहाडका २३ प्रतिशत र तराईका ४४ प्रतिशत दलित पूर्णरुपमा भूमिहीन रहेका छन् (आत्मनिर्भर विकास मञ्च २०६०) । ऐतिहासिक रुपमै भूमिमाथिको असमान वितरण तथा स्रोत र साधनमाथि नियन्त्रण निश्चित जातहरूले मात्र गरेको

पाइन्छ । नेपाली समाजमा भूमिमाथिको स्वामित्वको सवाल भनेको व्यक्ति परिवार र समुदायको राजनितिक आर्थिक र सामाजिक हैसियत निर्माणको मुख्य स्रोत रहँदै आएको छ । दलितहरूसँग पर्याप्तमात्रामा निजी स्वामित्वमा रहने भूमिबाट वञ्चित हुँदा जीविकोपार्जन गर्नका लागि दासजस्तो हरूवा-चरुवा साथै न्यून ज्यालादारीमा श्रम गर्नुपर्ने, सेवाको काम गर्नुपर्ने बाध्यता आज पनि उस्तै छ ।

**तालिका नं. १०**

**उत्तरदाता परिवारको जमिनको विवरण ।**

| क.स | जमिन रोपनीमा | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० देखी १ रोपनीसम्म | १२ | ४८ |
| २ | १ देखी २ रोपनीसम्म | ४ | १६ |
| ३ | २ देखी ३ रोपनीसम्म | २ | ८ |
| ४ | ३ देखि ४ रोपनीसम्म | ३ | १२ |
| ५ | ४ रोपनीभन्दा माथि | ४ | १६ |
| | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

माथि प्रस्तुत तथ्याङ्कलाई हेर्दा के देखिन्छ भने (दलित) विश्वकर्मा समुदायमा ० देखि १ रोपनी मात्र जमिन भएका सबैभन्दा धेरै परिवार सङ्ख्या १२(४८) प्रतिशत रहेका छन्, ४ रोपनीभन्दा माथि जमिन भएका परिवार सङ्ख्या जम्मा ४(१६) प्रतिशत रहेका छन् । अध्ययनबाट भुमिकोपहुँचमा दलित समुदायको स्थिति असाध्यै न्यून रहेको पुष्टि हुन्छ ।

**उत्तरदाता परिवारमाउपलब्ध जमिनको वर्गिकरण पाखोबारी र गैरीखेत ।**

**तालिका नं. ११**

**उत्तरदाता परिवारसँग उपलब्ध गैरीखेतको विवरण**

| क्र.स | विवरण | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ रोपनीसम्म हुने | ३ | १२ |
| २ | २ रोपनीभन्दा माथि हुने | १ | ४ |
| ३ | खेत नहुने | २१ | ८४ |
| ४ | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

गैरीखेत भन्नाले सिचाइँ सुविधा पर्याप्त भएको मुख्यरूपमा धान, गहुँ, मकै र तोरी पर्याप्त मात्रामा उत्पादन हुने, सिचाइँको लागि आकाशे वर्षाको भर पर्नुनपर्ने जमिनलाई बुझाउँछ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा अध्ययन क्षेत्रका विश्वकर्मा समुदायको गैरीखेतमाथिस्वामित्व नै नहुने परिवारको सङ्ख्या २१ (८४) प्रतिशत छ । १ रोपनी मात्र हुने परिवारको सङ्ख्या ३(१२) प्रतिशत रहेको छ । २ रोपनीमात्र हुने परिवारको सङ्ख्या मात्र १(४) प्रतिशत छ ।खेत नैनहुने परिवारसङ्ख्या सबैभन्दा धेरै८४ प्रतिशत रहेको छ, २ रोपनी भन्दा बढी हुने परिवार मात्र ज्ञ छ । जीविकोपार्जनको मुख्य स्रोत कृषि भएको हुँदा जोसँग खेती गर्नका लागिएक टुक्रा जमिनसमेत उपलब्ध नहुने उत्तरदातालाई आर्थिक रूपमा स्वतः कमजोर हुनुका साथै जीवन गुजाराका लागि सस्तो मुल्यमा श्रम बेच्नु पर्ने, बालीघरे प्रथालगायतका सेवाका काम गर्नुपर्ने बाध्यता रहेको छ ।भूमिको न्यायोचित वितरण नहुनु र आफ्नै जमिन नहुनुले दलित समुदाय वर्गीयरूपमा सबैभन्दा पिँधमा परेका छन् ।

**तालिका नं. १२**

**उत्तरदाता परिवारसँग उपलब्ध पाखोबारीको विवरण**

| क्र.स | विवरण | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ रोपनीसम्म | १३ | ५२ |
| २ | २ रोपनीसम्म | ९ | ३६ |
| ३ | ३ रोपनीभन्दा माथि | ३ | १२ |
| | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

पाखोबारी भन्नाले सिचाइँ सुबिधा नभएको सामान्यतयाः कोदो, मकै लगायतका अनाज उत्पादन हुने र सिचाइँको लागिआकाशे पानीको भर गर्नुपर्ने जमिनलाई बुझिन्छ । तालिकाअनुसार १ रोपनीमात्र बारी हुने परिवार सङ्ख्या १३(५२) प्रतिशत रहेको छ, २ रोपनीसम्म हुने परिवार ९(३६) प्रतिशत छ, ३ रोपनीभन्दा माथि हुने परिवार मात्र ३(१२) प्रतिशत छ ।सबैभन्दा धेरै परिवारको सङ्ख्या १ रोपनीमात्र हुने५२ प्रतिशत छ, सबैभन्दा कम परिवार सङ्ख्या ३ रोपनीभन्दा माथिहुने १२ प्रतिशत रहेको छ । आर्थिक स्थिति कमजोर हुनुमा भुमिमाथिको स्वामित्व मुख्य कारण रहेको छ ।

## ५.६उत्पादित घरेलुवस्तुहरूको बिक्रीवितरण

सामान्यतया आफ्नो श्रम र सीपले घरमै उत्पादन गर्न सक्ने वस्तुलाई घरेलु उत्पादनको रूपमा बुझ्ने गरिन्छ । इतिहासदेखिनै विभिन्न सीपमूलक कार्य गर्दै आएका दलित समुदायलाई १९१० को मुलुकी ऐनले सबैभन्दा पिँधमा अछूत जातको रूपमा घोषणा गऱ्यो। त्यसले जातीय रूपमा श्रमको विभाजन गरी दलितलाई उच्च जातको सेवा लगायतका कार्य गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना गऱ्यो र उच्च जातले अपनाउनेपेशामा बन्देज लगाउने काम गऱ्यो। यसरी विश्वकर्मा समुदायले मुख्यगरी घरेलु हातहतियरका निम्ति प्रयोग हुने फलाम, तामा, सिल्टे लगायतका धातुहरूको कार्य गर्दै आए । उनिहरूले गर्ने कार्य मूलतः सेवाको रूपमा बालीघरे प्रथामा आधारित रहेको पाइन्छ ।जातीय विभेदले विश्वकर्मा समुदायलाई राज्यका निकाय, समान अवसर र पहुचबाट वञ्चितीकरणमा पारियो, जसले गर्दा उनीहरूको शैक्षिक, प्रशाशनिक,राजनैतिक, सामाजिक तथा आर्थिक क्रियाकलापमा निकै

कमउपस्थिति रह्यो । विभिन्न खालका राजनैतिक आन्दोलन र सत्ता परिवर्तन हुँदै नेपालको संविधान २०७२ सम्म आइपुग्दा कानुनी रूपमा जातिय विभेदको अन्त्य भएपनि व्यावहारिक तहमा यसको अन्त्य हुन सकेको छैन । घरेलु रूपमा उत्पादन गरेका दुग्धजन्य पदार्थको बिक्रीवितरणदलित भएकै कारणले गर्दा सहकारीहरूले लिन नमान्दा त्यसबाट हुने लाभबाट विश्वकर्मा समुदाय वञ्चित छ । विश्वकर्मा समुदायलेपालेका खसी, बोका, बाखा, राँगा सहजै बजारमा बिक्री हुन्छन्, तर व्यावसायिक उद्देश्यका साथ पाल्नका निम्ति उनीहरूसँग जमिन तथा पैसाको अभाब छ । वर्तमान परिस्थितिमा कुनै पनि व्यक्तिले आफूले रोजेको पेशा तथा व्यवसाय गर्ने स्वतन्त्रता भएपनि अध्ययन क्षेत्रका विश्वकर्मा समुदाय लगानीका लागि आर्थिक रूपमा कमजोर भएका कारण रोजेका पेशा व्यवसाय गर्न सकिरहेका छैनन् ।

**तालिका नं.१३**

**बजारमादुग्धजन्य पदार्थको बिक्रीवितरण**

| क्र.स | विवरण | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहज छ | ११ | ४४ |
| २ | सहज छैन | १४ | ५६ |
| ३ | जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

माथिको तालिकामा प्रस्तुत गरिएअनुसार विश्वकर्मा समुदायले उत्पादन गरेको दुग्धजन्य पदार्थ बजारमा बिक्रीका लागि सहज छ भन्ने परिवारको सङ्ख्या ११(४४) प्रतिशत छ भने बिक्रीका लागि सहज छैन भन्ने परिवारको सङ्ख्या १४ (५६) प्रतिशत रहेको देखिन्छ, जसअनुसार जातीय विभेद भोग्दै आएका विश्वकर्मा समुदायले अहिले पनि सहजै उनिहरूले उत्पादन गरेका दुग्धजन्यपदार्थ सहकारी र बजारमा लिन नमान्ने गरेको बताउँछन् ।

नेपालमा भएका विभिन्न खालका राजनैतिक परिवर्तन, जनआन्दोलन र सत्तापरिवर्तनलेविश्वकर्मा समुदायका मानिसहरूमा पनि राजनैतिक चेतना र जागरुकता आएको छ । दलितहरूले सामाजिक र सांस्कृतिक क्षेत्रहरूमा भोग्नुपर्ने विभेद र वहिष्करणका विरूद्ध आवाजहरू

उठानगर्ने काम अझ बढी मात्रमा २०५२ सालको माओवादीले अगि सारेको सशस्त्र जनआन्दोलन र सङ्घर्षले गऱ्योर दलितलगायत आदिवासी जनजाति, महिला, मुस्लिम, उत्पीडित वर्ग समुदायको आवाजलाई बुलन्द गर्ने काम गर्ने गऱ्यो। वर्तमान परिप्रेक्ष्यमा विश्वकर्मा समुदायले अझै पनि विभिन्न किसिमका सामाजिकसंरचनाका क्षेत्रहरूमा जातीय विभेद कायमै रहको बताउँछन् । कानुनी रूपमै जातीय विभेद र वहिष्करणको अन्त्य गरिएको र कसैले पनि जातका आधारमा कुनै व्यक्तिलाई जातीय, धार्मिक, लैङ्गिक आधारमा विभेद गरेमा कारवाही गर्ने कुराहरू उल्लेख भएसँगै केही हदसम्म जातीय विभेद कम भएको पाइन्छ । तर अहिले पनि कतिपय सार्वजनिक मठमन्दिर, भोजभतेर, विवाहसमारोह लगायतका स्थानमा विभेद हुने गरेको पाइन्छ । तर केही उत्तरदाताकाभनाइअनुसार विभेद सार्वजनिक स्थान क्षेत्रहरूमा भौतिक रूपमा मात्र नभएर फरक प्रकृतिको बैचारिक विभेद गर्ने गरेको बताउँछन् । पछिल्ला घटनाक्रमलाई हेर्ने हो भने पनि जातीय विभेदकै कारण रुकुममा नवराज विक हत्यादेखि देशकै राजधानी काठमाडौँमा कोठाभाडा जातकै कारण नपाएका उदाहरण छन् । बाग्लुङमै दलित समुदायले उत्पादन गरेको दुध सहकारीले नै किन्दैनन् (बडिगाड अनलाईन, २०७८ मङ्सिर १२) ।

# अध्याय छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

यस अध्ययनको उद्देश्य  दलित समुदायभित्रका विश्वकर्मा जातिको वर्गनिर्माण प्रक्रियामा जात व्यवस्थाले खेलेको भूमिकाका बारेमा अध्ययन गरिएको छ । अध्ययनको निम्ति नेपाल एकीकरणपश्चात् नेपालका प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले हिन्दु धर्ममा आधारित १९१० को मुलुकी ऐन निर्माणपश्चात् इतिहासदेखिनै दलित समुदायलाई राज्यबाट विभेद, वहिष्करण र दलनमा पार्दै आएको छ । अर्का पक्षका रूपमा जातगत आधारमा पेशा पूर्वनिर्धारित हुनु र अनेकौं अधिकारका सम्बन्धमा ती पेशाको विभाजन अत्यन्त असमान हुनु हो । वास्तवमा हिन्दु समाजमा अधिकारहरूको असमान वितरण नै जात प्रथाको मुख्य केन्द्र हो र यसको ठूलो मारमा दलित समुदाय परेको कुरा स्पष्ट छ, जसको कारण सामाजिक तथा आर्थिकअधिकारहरूको यस्तो विभाजनले गर्दा वञ्चितीकरणमा परेका जातहरूले पेशा छान्न तथा सम्पत्ति, शिक्षा हासिल गर्न नपाउने हुनाले उनीहरूले आफ्नो आर्थिक अवस्था सुधार गर्ने मौका नै पाउँदैनन् ।

यस अध्ययनमा बाग्लुङ जिल्ला बाग्लुङ नगरपालिका वडा-७ गैरीगाउँ, कालिमाटीमा बसोवास गर्ने विश्वकर्मा समुदायलाई अध्ययनको क्षेत्र चयन गरिएको छ । त्यस क्षेत्रमा बसोबास गर्ने ७५ विश्वकर्मा परिवारमध्ये सिम्पल ऱ्यान्डम स्याम्पलिङ विधि (Simple Random Sampling) द्वारा २५ घरपरिवारको नमुना छनोट गरी प्रत्येक घरपरिवारका मुख्य सदस्यसँग अनुसन्धानकर्ता स्वयं उपस्थित भई प्रश्नावली, अन्तर्वार्ता, अवलोकनको माध्यमबाट तथ्याङ्कको सङ्कलन गरिएको छ । तथ्याङ्कको सङ्कलनका निम्ति प्राथमिक र द्धित्तीय स्रोतको प्रयोगका साथै तथ्याङ्कको व्याख्या र विश्लेषणमा अन्वेषणात्मक र वर्णनात्मकदुवै ढाँचाको प्रयोग गरिएको छ ।

चौथो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय सामाजिक तथा आर्थिक अवस्थाको बारेमा व्याख्या गरिएको छ । अध्ययन क्षेत्रका २५ घरपरिवारका कुल १३४ जना रहेकोमा पुरुष ४९.२५ प्रतिशत र महिला ५०.७५ प्रतिशत रहेका छन्, जसअनुसार सबैभन्दा धेरै १६ देखि ६० वर्ष उमेर समूहका ६७.९१ प्रतिशत रहेका छन्, सबैभन्दा कम ६१ देखि माथि उमेरका ३.७१ प्रतिशत रहेको पाइयो । उत्तरदाता परिवारको घरको किसिमको बनावटमा खरको छानोले बनेको २८ प्रतिशत,

ढुङ्गाको छानोले बनेको घर ३६ प्रतिशत, टिनको छानोले बनेको ३२ प्रतिशत र सिमेन्ट,पक्की ढलान ४ प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रका विश्वकर्मा समुदायका अधिकांश मानिसले हिन्दु धर्म मान्दछन्, दशैं, तिहार, शिवरात्रि लगायतका चाडपर्व मान्ने गर्दछन् । कुल २५ परिवारका १३४ जना सदस्यमध्ये १ देखि५ कक्षासम्म अध्ययन गर्ने विद्यार्थी २०.१४ प्रतिशत छन् । सबैभन्दा धेरै ६ देखि१२ कक्षासम्म अध्ययन गर्ने ४६.२६ प्रतिशत जनसङ्ख्या पाइयो भने ११ देखि१२ सम्म अध्ययन गर्ने विद्यार्थी ११.९४ प्रतिशत छ । सबैभन्दा कम स्नातक तहभन्दा माथिअध्ययन गर्ने विद्यार्थी मात्र १.४९ प्रतिशत छ भने निरक्षर २०.१४ प्रतिशत छ । विश्वकर्मा समुदायको आर्थिक अवस्थालाई विभिन्न शीर्षकमा समावेश गरी तथ्याङ्कमा प्रस्तुत गरी व्याख्या गरिएको छ, जसमा कृषिमा समावेश परिवार ६४ प्रतिशत परम्परागत आरन, २८ प्रतिशत वैदेशिक रोजगार ४ प्रतिशत र शिक्षक २ प्रतिशत रहेको पाइयो । पशुपालन र पशुपक्षीमा मुख्यगरी भैंसी, बाखा, खसी, राँगा कुखुरा, हाँसलगायतका जनावरहरू पालेको पाइयो । २५ घर परिवारका ६४ प्रतिशत कृषि पेशामा संलग्न विश्वकर्मा समुदायका परिवारसँग कृषि पेशाबाट उब्जनी हुने अन्नले ४८ प्रतिशत परिवारलाई मात्र २ महिनासम्म मात्र खानपुग्छ, ४ महिनासम्म मात्र खान पुग्ने परिवार ४० प्रतिशत रहेकोमा ६ महिनासम्म खाना पुग्ने परिवार१२ प्रतिशत रहेको पाइन्छ । जसअनुसार विश्वकर्मा समुदायमा ६ महिना भन्दा माथि खाना पुग्नेगरी उत्पादन हुने जमिन कुनै परिवारसँग पनि नभएको स्पष्ट हुन आउँछ ।

अध्याय पाँचमा समुदायको वर्गनिर्माण प्रक्रियामा जात व्यवस्थाले खेलेको भूमिकालाई प्रस्तुत गरिएको छ । नेपालमा जात व्यवस्थासम्बन्धी १९१० सालको मुलुकी ऐनले दलित समुदायमाथिकानुनीरूपमा गरेका विभेद, वहिष्करणले वर्तमान परिस्थितिसम्म प्रभाव पारेको पाइयो । जात र जन्मका आधारमा राज्यका संरचनाहरूबाट प्राप्त गर्ने लाभ र वहिष्करणको प्रभावले दलित समुदाय समाजको पिँधमै जिवन गुजारा गर्नुपरेको स्थिति रह्यो । तर सबै उच्च जातका मानिस माथिल्लो वर्गमा त हुदैनन्, तर माथिल्लो वर्गमा जानका निम्ति जति सहज उच्च जातलाई हुन्छ त्यो सहजता दलितलाई नहुन सक्छ ।

अध्ययन क्षेत्रका विश्वकर्मा समुदायको शिक्षा स्थितिलाई हेर्ने हो भने औपचारिक शिक्षा प्राप्त गर्न थालेको लामो समय भएको छैन । उत्तरदाताको शैक्षिक अवस्थालाई हेर्दा निरक्षरको सङ्ख्या २४ प्रतिशत छ भने साक्षरको सङ्ख्या ४ प्रतिशत छ । १ देखि५ कक्षासम्म अध्ययन गरेका २० प्रतिशत र ६ देखि १२ कक्षासम्म अध्ययन गरेका ४८ प्रतिशत पाइयो । १२ कक्षादेखिमाथि अध्ययन गर्ने मात्र ४

प्रतिशत रहेको पाइयो । सामाजिक चेतना र शिक्षा प्राप्तिले राजनैतिक चेतनाको निर्माण र सङ्गठित हुन प्रेरित गर्दछ । तर लामो समयसम्म औपचारिक शिक्षा र सामाजिक सांस्कृतिक रूपमा समाजमा विभेद र वहिष्करण भोग्दै आएका दलित विश्वकर्मा समुदायको नेपालको मूलधारका राजनितिमा उल्लेखनीय उपस्थिति हुन सकेको छैन । हालै सम्पन्न २०७९ सालको प्रतिनिधि र प्रदेश सभाको निर्वाचनमा पनि दलितको उपस्थिति न्यून छ । प्रतिनिधि सभाको जम्मा सिट सङ्ख्यामध्ये प्रत्यक्षतर्फ १ जना र समानुपातिकमा १५ जना गरी जम्मा १६ जना सांम्सदको प्रत्तिनिधित्व छ, जुन निकै नै कम हो । अध्ययन क्षेत्रका विश्वकर्मा समुदायको पनि राजनैतिक दलमा मात्र ४ प्रतिशत उपस्थिति पाइन्छ ।

विश्वकर्मा जातलाई हिन्दु वर्ण व्यवस्थाअन्तर्गत उच्च जातको सेवकको कार्य गर्ने श्रमको विभाजन अन्तर्गत राख्यो । जसलाई लामो समयसम्म आफूले रोजेको पेशा अपनाउने र कार्य गर्न छुट थिएन, पूर्वनिर्धारित पेशा अवलम्बन गर्नुपर्ने बाध्यात्मक परिस्थितिले विश्वकर्मा समुदायले शिक्षा ज्ञान, राज्य सञ्चालन र व्यापार गर्ने छुट पाएनन् । मुख्यतः बालीघरे प्रथामा आधारित श्रम संस्कृतिले विश्वकर्मा समुदायलाई आफ्नो परिवार सञ्चालनगर्नका निम्ति सहज नभएको स्थिति बन्न पुगेको बताउँछन् । समाजशास्त्री मिश्रले भनेझैँ दलित समुदायको काम पुँजीवादी ज्यालादारी श्रममा आधारित नभई आश्रित श्रमको रूपमा विद्यमान छ । अध्ययन क्षेत्रका विश्वकर्मा समुदायले अपनाउने पेशा अन्तर्गत कृषिमा ६४ प्रतिशत सहभागी पाइयो । जातमा आधारित श्रमको विभाजन अन्तर्गत परम्परागत आरन पेशामा २८ प्रतिशत सहभागिता पाइयो । त्यस्तै वैदेशिक रोजगार र (सरकारी) शिक्षक पेशामा समान ४ प्रतिशत सहभागिता रहेको पाइयो ।

अध्ययन क्षेत्रका विश्वकर्मा समुदायसँग भएको भूमि तथा जमिनमाथिको स्वामित्वमा १ रोपनी जमिन हुने परिवार ४८ प्रतिशत छ भने १-२ रोपनी जमिन हुने परिवार १६ प्रतिशत रहेको पाइन्छ । भने २-३ रोपनी जमिन हुने परिवार ८ प्रतिशत, ३-४ प्रतिशत जमिन हुने १२ प्रतिशत परिवार रहेकोमा ४ रोपनी भन्दा माथि हुने परिवार १६ प्रतिशत रहेको पाइयो । अझ स्पष्टरूपमा बुझ्नका निम्ति विश्वकर्मा समुदायसँग भएको पाखोबारी र गैरीखेतको पनि वर्गीकरण गरिएको छ । गैरीखेत १ रोपनी हुने परिवार १२ प्रतिशत छन् भने २ रोपनीसम्म खेत हुने परिवार ४ प्रतिशत रहेकोमा खेतनै नहुने परिवार ८४ प्रतिशत रहेको पाइन्छ । पाखोबारी १ रोपनीसम्म हुने परिवार ५२ प्रतिशत, २ रोपनीसम्म हुने परिवार ३६ प्रतिशत र ३ रोपनीभन्दा माथि हुने परिवारको सङ्ख्या १२ प्रतिशत रहेको

छ । यस पाखोबारी र गैरीखेतको तथ्याङ्कलाई हेर्ने हो भने विश्वकर्मा समुदायका मानिससँग पाखोबारीको तुलनामा गैरीखेतनै नहुने परिवार सबैभन्दा बढी ८४ प्रतिशत रहेको पाइयो । युगपरिवर्तनसँगै आज हामी बाँचेको समय विज्ञान रप्रविधिको युग हो । नेपाली समाज लामो समयसम्म जात व्यवस्थाद्वारा निर्देशित राज्य संरचनाले जातीय रूपमा विभेद, उत्पीडन, अन्याय, तथा सामाजिक, आर्थिक, राजनीतिक र सास्कृतिक क्षेत्रहरूमा गरेको वहिष्करणले आज पनि दलित समुददायको आर्थिक, सामाजिक राजनैतिक अवस्था दयनीय छ । नेपालमा कानुनीरूपमा २०२० सालमा जातीय विभेदको अन्त्य भएपनि गणतान्त्रिक नेपालको पहिलो संविधान २०७२ जारी भइसक्दा पनि दलित समुदायले व्यावहारिक रूपमा जातीय विभेदको अन्त्य महसुस गनेपाएका छैनन् । नेपालको संविधान २०७२ को धारा २४ को उपधारा २ मा "कुनै पनि वस्तु सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जातिको व्यक्तिलाई मात्र क्रिीवितरण वा प्रदान गरिने छैन भनिएतापनि विश्वकर्मा समुदायले उत्पादन गरेका दुधजन्य पदार्थहरूको अझैपनि विक्रिवितरण सहज छैन । अध्ययन क्षेत्रका विश्वकर्मा समुदायले उत्पादन गरेको दुध बजारमा बिक्रीका लागि ४४ प्रतिशतले सहज छ भनेको पाइयो भने ५६ प्रतिशत परिवारले उत्पादन गरेको दुध बजारमा बिक्रीका लागी असहज रहेको बताएका छन्, जसले गर्दा उनीहरूको आर्थिक अवस्थामा नकारात्मक असर गर्नुका साथै आजको युगसम्म पनि विभेदको सिकार भइरहनु परेको पाइन्छ ।

## ६.२ निष्कर्ष

बाग्लुङ जिल्लाको बागलुङ नगरपालीका वडा न. ७ बाग्लुङमा गरिएको प्रस्तुत शोधपत्र अध्ययन तयारका लागी "जात व्यवस्था र दलित समुदायको वर्गनिर्माण" शिर्षकमा २५ धरपरिवारलाई उत्तरदाताको रुपमा छनोट गरी जात व्यवस्थाले दलित विश्वकर्मा समुदायको वर्ग निर्माण प्रर्कियामा खेलेको भुमिकाको बारेमा अध्ययनका क्रममा उत्तरदाताबाट प्राप्त भएका तथ्याङ्कको आधारमा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा रहेको कठोर प्रकारको जात व्यवस्थाले दलित विश्वकर्मा जात समुदायमाथी लामो कालखण्ड सम्म कसरी दलन, दमन, बहिष्करण र विभेद गर्दै आयो भन्ने कुरालाई इतिहासको

सापेक्षतामा बुझ्नु जरुरी हुन्छ । यस अध्ययनका क्रममा नेपालमा हिन्दु वर्ण व्यवस्थामा आधारित जङ्गबहादुर राणाले निर्माण गरेको मुलुकी ऐन १९१० प्रश्चात जातगत विभाजन अन्तरगत पानी नचल्ने छोइछिटो हाल्नु पर्ने जातको रुपमा विश्वकर्मा तहगत विभाजनको सबैभन्दा पिधँमा पर्दछन । जसरी मुलुकी ऐनले लागु गरेको श्रमको विभाजन, पेशाको अनुलङ्घियता, उच्च जातको सेवा, शिक्षा, राज्य सञ्चालन, व्यापार लगायतमा लामो समयसम्मको वञ्चितिकरणले वर्तमान परिस्थितिमा यसको गम्भिर प्रभाव त्यस क्षेत्रका विश्वकर्मा जातमा पनि परेको पाइन्छ ।

जात व्यवस्थामा आधारित रहेर निर्माण गरेका कानुन तथा कानुनले लागू गरेका नियमले विगतमा विश्वकर्मा समुदायको(वर्ग) आर्थिक अवस्थामा पारेको प्रभाव मुख्य रहेको छ । जात व्यवस्थाले निर्माण गरेको मानिसहरूबीचको तहगत विभाजनमाश्रमको विभाजन रहेको छ, जसअन्तर्गत दलित जातको सबैभन्दा पिँधमा रहेकोविश्वकर्माजातीले पेशागतरूपमा फलामको कार्य गर्ने र अरू उच्चजातकामानिसहरूको सेवाको कार्य गर्ने गर्दछ,जात व्यवस्थाले निर्धारण गरेको पेशा बाहेकका अन्य पेशा गनेनपाउने हुन्छतर वर्तमान परिस्थितिमा त्यो कमजोर हुदै गएपनी, लामो समयसम्मकोशिक्षामा वञ्चितीकरण, भूमिमाथिको स्वामित्वविहीन, सामाजिक तथा सांस्कृतिक रूपमा विभेद र वहिष्करणका कारण आर्थिक, शैक्षिक, राजनैतिक क्षेत्रहरूमा समाजको पिँधमा रहनुपरेको छ । जातीय रूपमा हुने विभेदर वहिष्करणको कारण शिक्षामा बन्देज (निरक्षर) हुँदा रोजगारका अवसरहरूबाट वञ्चितीकरण हुँदा आर्थिक रूपमा कमजोर हुनुपरेकोछ । अध्ययनका क्रममा गरिएको अनुसन्धानमा विश्वकर्मा समुदायसँगजमिनमाथिको स्वामित्वनिकै नै कम पाइन्छ, जसमा उनीहरूको जमिनमा उत्पादन गरेको अन्नबालीले ३ देखी ६ महिना भन्दा बढी खाननै नपुग्ने र जीविकोपार्जनकै निम्ति सस्तो श्रम मूल्यमा काम गर्नुपर्ने वा बालीघरे प्रथामा आधारित परम्परागत पेशा आरनको काम गर्नुपर्ने भएकालेभूमिमाथिको असमान वितरणले विश्वकर्मा समुदायको वर्गनिर्माणमा मुख्य भूमिका खेलेको पाइन्छ । समाजशास्त्री चैतन्य मिश्रले भनेजस्तै जात व्यवस्थाभित्र उत्पादनका साधनलगायत व्यक्तिगत सामर्थ्यमाथिको पहुँच भएको र कम भएको बीचको सम्बन्ध हो । प्रकृति स्रोत र साघनमाथीको पहुँच हुने र नहुने बीचको हो भनेजस्तै हिन्दु वर्ण व्यवस्थाभित्रको श्रम विभाजन अन्तर्गत स्रोत र साधनमाथिको पहुँच उच्च जातिमा हुने गर्दछ र राज्यशक्तिमाथिको पहुँच पनि उनीहरूकै हातमा हुन्छ, र स्वतः आर्थिक, राजनैतिक, प्रशाशनिक क्षेत्रमा उनीहरूकै पहुँच हुन्छ । अर्कातिर, स्रोत-साधनविहीन दलित समुदाय स्वतः आर्थिक, सामाजिक र राजनैतिक रूपमा कमजोर हुने गर्दछ । नेपाली समाजमा

भूमिको महत्व उच्च हुने गरेको तर विश्वकर्मा समुदायसँग भूमिनिकैनै  कम मात्रामा रहेको कुरा यस अध्ययनले पुष्टि गर्दछ ।

आधुनिक नेपाली समाजमाविभिन्न खालका परिवर्तनहरू भए, दलित सम्बन्धित ऐन, नियम र कानुनहरू बने, तर तिनको कार्यान्वयन फितलो हुँदा आज पनि विश्वकर्मा समुदायले समाजमा विभेद भोग्नुपरेको पाइन्छ, जसले गर्दा विश्वकर्माले उत्पादन गरेका दुग्धजन्य पदार्थको बजारमा बिक्रीवितरण नहुँदा र दैनिक रूपमा हुने आर्थिक आर्जनबाट वञ्चित हुँदा उनीहरूको परिवारमा नकरात्मक प्रभाव परेको पाइन्छ । विश्वकर्मा समुदायलाई औपचारिक शिक्षामा इतिहासमा जस्तो बन्देज नभएतापनि, उनीहरूले विद्यालय स्तरसम्मको अध्ययन गरेपनि आर्थिक अवस्था कमजोर भएको कारण उच्चशिक्षाबाट वञ्चित हुनुपरेको छ, त्यसैले उनीहरू आर्थिक रूपमा सबल हुनै नसकेको देखिन्छ ।

अन्त्यमाः समाजशास्त्री लुइँटेल २०१८ ले भनेजस्तै जात व्यवस्था पनि परिवर्तनिय र गतिशिल हुने हुदा यसले वर्तमान नेपाली समाजमा हिजोको जस्तो जातका आधारमा पुर्वनिर्धारित पेशाको अवलम्बन आजको समाजमा निकै नै कमजोर हुदै गएको छ । जसको मुख्य कारण शिक्षा, आधुनिकिकरण, नवउदारवाद, बजारको विस्तार लगायतले जात व्यवस्थालाई कमजोर पारेको देख्न सकिन्छ ।अध्ययन क्षेत्रका  विश्वकर्मा जातका मानिसमा पनि देख्न सकिन्छ कि जसरी हिजोको जस्तो जातमा आधारित पुर्वनिर्धारित पेशाको बाध्यत्मकारी अवलम्बन गर्नु पर्ने अवस्था आजको समयमा नभएको बताउछन । श्रमिकहरुको विश्वव्यापी पलायनको प्रत्यक्ष प्रभाव विश्वकर्मा जातका परिवारमा पनि परेको छ जसले गर्दा उनीहरुको परिवारमा आर्थिक अवस्था सुधार, उच्चजातको भुमिमाथीको एकाधिकारलाई पनि कमजोर बनाएको पाइन्छ ।

## सन्दर्भसूची


आहुति.(२०६०). हिन्दु समाजमा दलित जातिको मुक्तिको प्रश्न. आत्मनिर्भर बिकास मंच, काठमाण्डौ ।

आहुति.(२०७५). नेपालमा वर्णव्यवस्था र वर्ग-संघर्ष : फिनिक्स बुक्स, बानेश्वर काठमाण्डौ ।

कोइराला, बिद्यानाथ, राजन खड्का, राजकुमार बराल.(२०६३). राज्यको पुनः संरचनामा दलित सहभागिता . सम्पा. विद्यानाथ कोइराला, राजन खड्का, राजकुमार बराल ।

कामत, रामकुमार, तुलानारायण शाह.(२०७०). नेपालमा प्रतिनिधित्वको राजनीति, मधेश अध्ययन, नेपाल मधेश फ़ाउण्डेशन. ललितपुर बर्ष, १ अंक, २ पृष्ठ, ७४ - ११४ ।

किसान यामबहादुर. (२०६९). संघियता र दलित समावेशीकरण : आशा र आशंका, रुपान्तरण , सम्पा : राजेन्द्र महर्जन, समाज अध्ययन , पृष्ठ, १७१-२०० ।

गेज, फ्रेडरिक एच.(२०१३). नेपालमा क्षेत्रियता र रास्ट्रीय एकता, अनुबाद : मोहन मैनाली, हिमाल किताब, लाजिम्पाट ।

गेल ओम्बेट.(२०१२). सत्ता-बिमर्श र दलित, अम्बेडकर दृस्टीकोण र बिबेचना, सम्पाः राजेन्द महर्जन, समता फ़ाउण्डेशन, सानेपा ललितपुर ।

मार्क्स कार्ल, एन्जेल्स.(१८४८). कम्युनिष्ट पार्टीको धोषणापत्र. कृष्णदास श्रेष्ठः अनुवाद.पैरवी प्रकाशन काठमाडौं ,२०६३ ।

मनुस्मृति.(२०७४), अनुवादकः तिलकप्रसाद लुइँटेल, पैरवी प्रकाशन ।

मिश्र चैतन्य.(२०६७). “दलित समस्या“ र राजनीति अर्थतन्त्र. काठमाडौः समता बुक्स ।

मिश्र, चैतन्य. (भूमिका, २०१४, दोस्रो सस्क.). नेपालमा वर्णब्यवस्था र बर्ग-संघर्ष, सम्पा. राजेन्द्र महर्जन. ललितपुरः समता बुक्स ।

मिश्र बिनय.(२०१९). भारतको दलित आन्दोलन : संघर्ष र रणनीति, मधेश अध्ययन. नेपाल मधेश फ़ाउण्डेशन, ललितपुर, बर्ष, ७ अंक, ७ पृष्ठ, २३३ - २५० ।

सुबेदी झलक.(२०१९). मधेशी दलित र भू-स्वामित्वको स्थितिः मधेश अध्ययन, नेपाल मधेश फ़ाउण्डेशन, ललितपुर. बर्ष ,७ अंक, ७ पृष्ट, १५ - ३० ।

प्रेमषिकक धिरेन्द्र.(२०१९). मधेशी दलितमा वर्णव्यवस्था र दलित, मधेश अध्ययन . नेपाल मधेश फ़ाउण्डेशन. ललितपुर, बर्ष, ७ अंक, ७ पृष्ठ, २०१५ - २०२८ ।

पान्डे भिमबहादुर.(२०७६). त्यस बखतको नेपाल. फिनिकस बुकस. काठमाण्डौ ।

बुढाथोकी, डा. चन्द्रविक्रम,स.(२०३९). जयस्थिति मल्लको सुधार. काठमांन्डौःसाझा प्रकाशन ।

रङ्गनायाकम्मा.(२०१९). जाति और बर्गः एक मार्क्सबादी दृस्टीकोण, राहुल फ़ाउण्डेशन, लखनउ ।

रोका हरि.(२०६९). बर्ग पहिचान र संघियताबारे नया बहस, रुपान्तरण , सम्पा : राजेन्द्र महर्जन. समाज अध्ययन, पृष्ट, ५९-८० ।

प्याकुरेल उद्दब.(२०६९). सकारात्मक विभेद र दलित , रुपान्तरण , सम्पा : राजेन्द्र महर्जन, समाज अध्ययन , पृष्ठ, २०१-२१० ।

नेपाल सरकार दलित रास्ट्रिय आयोग.(२०६८). दलित समुदाय समाबेशी अधिकार सम्बन्धि बिशेष व्यवस्था गर्न बनेका विधेयक ।

शर्मा पिताम्बर.(२०६९). नेपालमा बर्ग, जाति र संघियता एउटा प्रारम्भिक आकलन, रुपान्तरण, सम्पा. राजेन्द्र महर्जन. समाज अध्ययन. पृष्ठ, २७-४१ ।

शेरचन भुपी. (२०५५). घुम्ने मेचमाथी अन्धो मान्छे.ललितपुरःसाझा प्रकाशन ।

ऋगवेद. (२०७७). अनुवादः तिलकप्रसाद लुईटेल. काठमांन्डौः विध्यार्थी पुस्तक भण्डार ।

Bista, D.B. (1993). *Fatalism and Development.* Calcutta: Orient Longman Ltd.

Dumont, Louis. (1970). Homo Hierarchicus: The Caste System and Its Implications, revised English ed. Chicago: University of Chicago Press.

Giddens, Anthony. (2006). Essentials of Sociology. Chapter 9. "Stratification and Class". USA: Polity Press.

Gupta, Dipankar. (2004). *Introduction The Certitudes of Caste: When Identity Trumps Hierarchy: Caste in Question Identity or Hierarchy* .Sage Publication. New Delhi.

Gurya, G.H. (1950).*Caste and Class in India*. Part 1. Bombay Popular Prakashan .

Hofer, Andras. (2004). The Caste Hierarchy and The State in Nepal: A study of Muluki Ain 1854. Himal Books Lalitpur.

Madan, T.N.(2000). "*Dumont on the nature of Caste in India*" in D. Gupta (ed) Social stratification. Delhi: Oxford University press.

Gerald D.Berreman.(2000). "*The Brahmanical view of Caste*" in D. Gupta (ed) Social Stratification. Delhi : Oxford University Press.

Thomas R. Bates.(1975). "*Gramsci and The Theory of Hegemony*" Journal of The History of Ideas. vol.36. No 02. University of Pennsylvania press publication .

Luitel, Yuba Raj.(2018). Caste and Society: Changing Dynamics of Inter-Caste Relations In Nepal. Academic Book Centre Kirtipur Kathmandu.

उत्तरदाताका लागी अन्तरवार्ता तथा प्रश्नावली

१. व्यक्तिगत बिवरण

क - उत्तरदाताको नाम.......................................................

ख - उमेर...... ग - लिङ्ग........

घ- पेशा............ ङ- शैक्षिक योग्यता.............

च - बैबाहिक स्थिति........ छ - धर्म..................

२. पारिवारिक बिवरण

क.स परिवारका सदस्यको नाम उमेर लिङ्ग बैबाहिक स्थिति शिक्षा पेशा

ज्ञ

| क.स | परिवारका सदस्यको नाम | उमेर | लिङ्ग | बैवाहिक स्थिति | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

३. घरको किसिम

..........................................................

४. परिवारको बार्षिक आम्दानी ?

..................................................................................

५. परिवारको मुख्य आम्दानीको श्रोत के हो ?

..........................................................................

६. तपाइको परिवारमा जग्गा-जमिन कति छ ?

................................................................................

७. तपाइको घरमा उत्पादन भएको खाद्यान्नाले कति महिना खाना पुग्छ ?

..............................................................

८. तपाइको परिवारका सदस्य बैदेशिक रोजगारमा गएको भए कुन ठाउ जानुभएको छ ?

...........................................................................

९. तपाइको परिवारले समाजमा अन्य जात - जातिबाट भोग्नु परेका जातीय बिभेद हरू के के हुन् ?

...........................................................................

१४. के तपाइलको परिवारले आफुले रोजेको पेशा, व्यवसाय गर्न सहज छ ?

क. छ ख. छैन

१०. तपाइको परिवारले उत्पादन गरेका कुन कुन बस्तु बजारमा बिक्रि हुन्छन ? बिक्रि हुदैन भने कुन बस्तु उत्पादन बिक्रि हुदैन र किन ? दुधजन्य पदार्थको बिक्रि वितरणले आर्थिक अवस्थामा कस्तो प्रकारको परिवर्तन ल्याएको छ ?

........................................................................................................................

....................................................

११. जातिय भेदभाभ तथा छुवाछुतको कारणले तपाइको परिवारको आर्थिक स्थिति न्युन हुनुको कारण स्विकार गर्नु हुन्छ ? गर्नु हुन्छ भने किन के कारणले ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

………………………………………………………………………………………………

१२. के जातीय छुवाछुतकै कारण तपाइको परिवार शिक्षा बाट बन्चित हुनु परेको छ ? औपचारिक शिक्षा नहुदा के- कस्ता अवसरबाट वञ्चित हुनु परेको छ र यसले आर्थिक अवस्था सुधारमा कस्तो प्रभाव पारेको छ ?

……………………………………………………………………………………………………………

……………………………………………………

१३. के तपाईको परिवारमा रहेको जमिन माथिको स्वामित्व निजि जमिनबाट हुने आम्दानीले घरको आर्थिक अवस्था सुधारमा सहयोग गर्दछ ?

…………………………………………………………….

१४. के तपाईको परिवारमा जात व्यवस्थाले वर्ग निर्माण प्रर्कियामा सकारात्मक वा नकारात्मक कस्तो प्रकारको भुमिका खेलेको छ ? छन् भने के के कारणहरू हुन सक्दछन् ?

…………………………………………………………….